# शैक्षिक क्षेत्रमा मधेशी दलित बालबालिकाहरुको पहुँच

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत कोर्ष
नं. ५९८ को आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

**शोधपत्र**


रोशन कुमार साह

क्याम्पस रोल नं. : ८०/२०६५

परीक्षा रोल नं. :१३००९७/२०६६

त्रिभुवन विश्वविद्यालय दर्ता नं. : ४००८८-९३



त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र संकाय

श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी

क्याम्पस, सिरहा

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

२०७१

033-520387
033-520082

# त्रिभुवन विश्वविद्यालय

## श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव

बहुमुखी क्यामपस,सिरहा

पत्र संख्या :–                                        मिति : २०७१/११/१०

चलानी नं. :–

### सिफारिस–पत्र

त्रिभुवन विश्वविद्यालय, सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहा, शिक्षा शास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत स्नात्तकोतर तह द्वितीय वर्षका विद्यार्थी रोशन कुमार साहले शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत Ed.P.M. ५९८ को आवश्यकता पूरा गर्ने प्रयोजनका लागि "शैक्षिक क्षेत्रमा मधेशी दलित वालवालिकाहरुको पहुँच" शीर्षकमा प्रस्तुत यो शोध पत्र मेरो प्रत्यक्ष निर्देशनमा रही तयार गर्नु भएको हो । यस शोधकार्यवाट म संतुष्ट छु र यसको अन्तिम मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति : २०७१/११ /१०

.......................................

आ.प्रा. धर्मराज सिंह

( शोध निर्देशक )

033-520387
033-520082

त्रिभुवन विश्वविद्यालय
श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव
बहुमुखी क्यामपस,सिरहा

पत्र संख्या :–
चलानी नं. :–

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहा, स्नातकोत्तर तह द्रोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयका छात्र रोशन कुमार साहले "शैक्षिक क्षेत्रमा मधेशी दलित वालवालिकाहरुको पहुँच " शीर्षकमा तयार पार्नु भएको शोधपत्रलाई मूल्याङ्कन गरी यस समितिवाट स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

१. प्रा. चन्देश्वर यादव ....................................... (विभागीय प्रमुख)

२. आ.प्रा. धर्मराज सिंह .......................................
(शोध निर्देशक)

२. प्रा. .......................................
(बाह्य परीक्षक)

मिति : २०७१/११ /१०

(Feb. 2015)

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नाकोत्तर तह दाश्रो वर्षको कोर्ष नं. ५९८ को आवश्यकता परिपूर्तिका लागि तयार पारिएको शोधपत्र शीर्षक " शैक्षिक क्षेत्रमा मधेशी दलित वालवालिकाहरुको पहुँच" रहेको छ । शोध प्रस्तावलाई स्वीकृत गरी प्रस्तुत शोध लेखनको अवसर प्रदान गर्नुभएकोमा श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहा, को शिक्षाशास्त्र संकाय र क्याम्पस प्रमुख प्रति विशेष आभारी छु ।

शोधकार्यको शुरुवात देखि शोध प्रतिवेदनको अन्तिम लेखनसम्म आवश्यक सल्लाह, सुझाव र मार्ग निर्देशन दिई सहयोग पुऱ्याउनु हुने श्रद्धेय गुरु विभागीय प्रमुख चन्देश्वर यादव तथा शोध निर्देशक आ.प्रा. श्री धर्मराज सिंह ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै गरी सल्लाह, सुझाव, प्रोत्साहन एवम् मार्ग निर्देशन उपलब्ध गराई अध्ययन कार्यका लागि सहयोग पुऱ्याउनु हुने श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहा का श्रद्धेय गुरु श्री सुरेन्द्र प्रसाद यादव एवम् सम्वन्धित विद्यालयका प्रधानाध्यापक, वि.व्य.स., शिक्षकहरु प्रति आभार व्यक्त गर्दछु । शोध कार्यका लागि आवश्यक सूचना संकलनका क्रममा अमूल्य सुझाव सहित तथ्याङ्क, सूचना, सहयोगी समाग्रीहरु आदि उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने अध्ययन क्षेत्र अन्तर्गतका सहयोगी साथीहरु प्रति समेत हार्दिक कृतज्ञता प्रकट गर्दछु । भाषा शुद्धीकरण र शोधपत्र लेखनमा सहयोग पुऱ्याउनु हुने श्री महिकर उच्च माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक श्री उपेन्द्र प्रसाद साह र सोही विद्यालयका माध्यमिक शिक्षिका श्रीमति ललिता कुमारी चौधरी तथा कम्प्यूटर प्रिन्टमा सघाउने इन्फोल्याण्ड कम्प्यूटर राजविराज का श्री रमेश कुमार शर्मा प्रति समेत आभार व्यक्त गर्दछु ।

अन्त्यमा यस अध्ययनलाई पूरा गर्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण आफन्त जनहरु, मित्रजनहरु, सहपाठी साथीहरु र शुभ चिन्तक महानुभावहरुलाई हार्दिक धन्यवाद दिदै आफ्नो अटुट परिश्रमवाट तयार भएको यो शोधपत्र उपयोगी हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

मिति : २०७१ फाल्गुण                                        रोशन कुमार साह

# शोधसार

प्रस्तुत शोधपत्र **"शैक्षिक क्षेत्रमा मधेशी दलित बालबालिकाहरुको पहुँच"** भन्ने शीर्षकमा तयार पारिएको छ । यस अनुसन्धानको प्रमुख उद्देश्य मधेशी दलित बालबालिकाहरुको शैक्षिक पहुँच पत्ता लगाउनु , विद्यालय नजानुका कारणहरु पत्ता लगाउनु र मधेशी दलित बालबालिककाहरुको शैक्षिक पहुँचमा सुधार ल्याउनका लागि सुझाव दिनु रहेको छ ।

यस अध्ययनका उदेश्य प्राप्तिका लागी सम्बन्धित साहित्यको पूनरावलोकन गर्दा बिभिन्न सोध, लेख, रचनालाई पूनरावलोकन गरीएको छ भने सैद्धान्तिक खाका का रुपमा कार्ल मार्कसको द्धन्दात्मक सिद्धान्त, म्याक्स वेवरको विभेदिकरणको सिद्धान्त र पाउलो फेरेको पिछिडिएकाहरुको लागी शिक्षा सम्बन्धि दृष्टिकोणलाई उपयोग गरिएको छ ।

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि गुणात्मक र परिमाणात्मक ढाँचामा आधारित रही उद्देश्यमूलक र संभावनायुक्त नमुना छनोट विधिबाट सप्तरी जिल्लाको ४ वटा विद्यालयहरु , ती विद्यालयका प्र.अ.हरु , अभिभावकहरु, शिक्षकहरु र विद्यार्थीहरुलाई नमुनाका रुपमा लिइएको छ । अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरु प्राथमिक र द्धितीय स्रोतहरुबाट संकलन गरिएको छ । जुन तथ्याङ्कहरु अन्तर्वार्ता, अवलोकन, प्रश्नावलीद्धारा प्रत्यक्ष भेटघाट र स्थलगत सर्वेक्षणद्धारा संकलन गरिएको छ । संकलित तथ्याङ्कहरु वर्णात्मक तथा विश्लेषणात्मक तरीकाबाट विश्लेषण गरिएका छन् ।

यस अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने मधेशी दलित बालबालिकाहरुको शैक्षिक पहुँच कम रहेको देखिन्छ । शिक्षा र अन्य सुविधाबाट बिमुख रहेका मधेशी दलितहरुको अवस्था कमजोर रहेको देखिन्छ । घरको पारिवारिक वातावरण, आर्थिक अवस्था आदिले गर्दा बालबालिकाहरु नियमित रुपमा विद्यालयमा उपस्थित हुन सकिरहेका छैन् । समयमा शैक्षिक सामग्री नभेटनुले उनीहरुको उतिर्ण दर कमजोर देखिन्छ । अध्ययन क्षेत्रका विद्यालयमा गैर दलित विद्यार्थीहरुको तुलनामा मधेशी दलित बालबालिकाहरुको संख्या कम देखिन्छ । साथै गैर दलितको तुल्नामा यिनीहरुको शैक्षिक उपलब्धिको स्तर न्यून देखिन्छ । विद्यालयमा छुवाछुत सम्बन्धि नराम्रो व्यवहार नभए पनि सामाजिक आर्थिक अवस्था, साँस्कृतिक वातवरण, छिटो विवाह र घरको कामले विद्यालय बीचमै छाडने गरेको देखिन्छ । अभिभावकको पेशा शिक्षा आर्थिक अवस्था आदि संग बालबालिकाहरुको शिक्षा प्रभावित भएको देखिन्छ । आर्थिक समस्या, अभिभावकमा चेतनाको कमि, परम्परागत विचार, महिलाहरु निरक्षर हुनु र बालबालिकाहरुलाई विद्यालय पठाउनु पर्छ भन्ने कारणहरुले उनीहरुको शैक्षिक अवस्थामा प्रभाव पारेको देखिन्छ ।

विद्यालयमा मधेशी, दलित बालबालिकाहरुको शिक्षामा सहभागिता र शैक्षिक कार्यक्रममा सुधार गर्नका लागि विद्यालयहरुले जनचेतनामूलक घरदैलोकार्यक्रम, आमभेला कार्यक्रम, सिपमूलक कार्यक्रम , आदि संचालन गरी उनीहरुको शैक्षिक अवस्थामा सुधार गर्न सकिन्छ । यिनीहरुलाई छात्रवृत्ति, निःशूल्क पाठ्यपुस्तक वितरण, शिक्षण कार्यक्रममा सहभागि, विद्यालयबाहिर छुवाछुत भेदभाव हटाउने कार्यक्रमहरु, रुढीवाद बारे चेतना अभिबृद्धि र पिछडिएको दलितलाई छुट्टै शैक्षिक आरक्षणको व्यवस्था गरि मधेशी दलित बालबालिकाहरुको शैक्षिक अवस्थामा सुधार गर्न सकिने सुझावहरु प्रस्तुत गरिएको छ । त्यसपछि नितीगत तहमा विभिन्न कार्यक्रमहरु सँचालन, अभ्यासगत तहमा विभिन्न कार्यक्रमहरु जस्तै, गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, विभिन्न उत्सव समारोहमा यिनीहरुको सहभागिता बढाउनु पर्दछ । अनुसन्धान तह अन्तर्गत अध्ययन कर्ताले अध्ययन गर्न नसकेका विविध पक्षहरुको बारेमा अध्ययन गर्न सकिने सुझावहरु प्रस्तुत गरिएको छ ।

# विषय सूची


| शीर्षक | पृष्ठ संख्या |
|---|---|
| सिफारिस पत्र | II |
| स्वीकृति पत्र | III |
| कृतज्ञता ज्ञापन | IV |
| शोधसार | V |
| तालिका सूची | VII |
| चित्र सूची | VII |
| विषय सूची | VIII |
| **परिच्छेद एक : परिचय** | **१-९** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनको उद्देश्य | ७ |
| १.५ अनुसन्धानात्मक प्रश्न | ८ |
| १.६ अध्ययनको परिसीमा | ८ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | **१०-१६** |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२ सैद्धान्तिक खाका | १३ |
| २.३ पुनरावलोकनको शैक्षिक उपादेयता | १५ |
| **परिच्छेद तीन : अध्ययन विधि** | **१७-२४** |
| ३.१ अनुसन्धानात्मक ढाँचा | १७ |
| ३.२ अध्ययनको जनसंख्या | १७ |
| ३.३ नमुना छनोट प्रक्रिया | १८ |
| ३.३.१ विद्यालयको छनोट | १९ |
| ३.३.२ शिक्षकको छनोट | १९ |
| ३.३.३ प्र.अ. को छनोट | १९ |
| ३.३.४ विद्यार्थीको छनौट | १९ |
| ३.३.५ अभिभावकहरुको छनौट | १९ |

३.४ तथ्याङ्कका स्रोतहरु २०

३.४.१ प्राथमिक स्रोत २०

३.४.२ द्वितीय स्रोत २०

३.५ तथ्याङ्क संकलनका साधनहरु २१

३.५.१ अन्तर्वार्ता २१

३.५.२ प्रश्नावली २१

३.५.३ अवलोकन २२

३.५.४ प्राप्ताङ्क संकलन फारम २३

३.५.५ विद्यालयमा उपस्थिति-विवरण फारम २३

३.६ तथ्याङ्क संकलन प्रक्रिया २३

३.७ तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण प्रक्रिया २४

**परिच्छेद चार : नतीजाको छलफल २५-४१**

४.१ विद्यालयहरुमा मधेशी दलितहरुको शैक्षिक पहुँच २५

४.१.१. प्राथमिक तहका मधेशी दलितहरुको संख्यात्मक स्थिति विवरण २५

४.१.२. मा.वि.र नि.मा.वि. तहका मधेशी दलितहरुको संख्यात्मक स्थिति विवरण २६

४.१.३. प्राथमिक तहमा मधेशी दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण २७

४.१.४. प्राथमिक तहमा मधेशी दलित तथा गैर-दलित विद्यार्थीहरुले प्राप्त गरेको औसत प्राप्ताङ्क विवरण २८

४.१.५. नि.मा.वि. र मा.वि. तहमा मधेशी दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण ३०

४.१.६. नि.मा.वि. र मा.वि. तहमा मधेशी दलित तथा गैर दलित विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क विवरण ३१

४.१.७. गैर-दलित र मधेशी दलित विद्यार्थीहरुले प्राप्त गरेको विषयगत उपलब्धि ३१

४.१.८ मधेशी दलित विद्यार्थीहरुको कक्षामा स्थानक्रम ३३

४.१.९ मधेशी दलित विद्यार्थीहरुको दैनिक विद्यालय उपस्थिति विवरण ३४

४.२. मधेशी दलित विद्यार्थीको विद्यालय नजानुको कारणहरु ३६

४.२.१ गरिबी ३६

४.२.२ अभिभावकको पेसा ३७

४.२.३ परिवारको आर्थिक अवस्था ३८

४.२.४ अभिभावकको शैक्षिक अवस्था ३८

४.२.५ सामाजिक अवस्था ३९

४.२.६ पारिवारिक वातावरण ३९

४.२.७ भू-स्वामित्व र खाद्यान्नको अवस्था ४०

४.२.८ विद्यालय बाहिर शिक्षकको व्यवहार ४०

४.३ मधेशी दलित बालबालिकाको शैक्षिक पहुँचमा सुधार ल्याउनका लागि सुझावहरु ४०

४.३.१ छात्रवृत्ति कार्यक्रम ४०

४.३.२ भेदभावको अन्त्य ४१

४.३.३ सकारात्मक सोचको विकास ४१

४.३.४ चेतनामुलक कार्यक्रम ४१

४.३.५ विशेष अवसर ४१

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु ४२-५०**

५.१ प्राप्ति ४२

५.१.१. विद्यालयमा मधेशी दलित बालबालिकाहरुको शैक्षिक पहुँच ४२

५.१.२. मधेशी दलित बालबालिकाहरु विद्यालय नजानुका कारणहरु ४३

५.१.३ मधेशी दलित बालबालिकाको शैक्षिक पहुँचमा सुधार ल्याउनका लागि सुझावहरु

४४

५.२ निष्कर्ष ४५

५.३ सुझावहरु ४७

५.३.१ नीतिगत तह ४८

५.३.२ अभ्यासगत तह ४९

५.३.३ अनुसन्धानात्मक तह ४९

सन्दर्भग्रन्थसूची

अनुसुचीहरु

# तालिका सूची

| क.सं. | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|


३.३ नमुना छनोट प्रक्रिया १८

४.१.१. प्राथमिक तहका मधेशी दलितहरुको संख्यात्मक स्थिति विवरण २६

४.१.२. मा.वि.र नि.मा.वि. तहका मधेशी दलितहरुको संख्यात्मक स्थिति विवरण २६

४.१.३ प्राथमिक तहमा मधेशी दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण २७

४.१.४ प्राथमिक तहमा मधेशी दलित तथा गैर-दलित विद्यार्थीहरुले प्राप्त गरेको औसत प्राप्ताङ्क विवरण २९

४.१.५ नि.मा.वि. र मा.वि. तहमा मधेशी दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण ३०

४.१.६ नि.मा.वि. र मा.वि. तहमा मधेशी दलित तथा गैर दलित विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क विवरण ३१

४.१.७ गैर-दलित र मधेशी दलित विद्यार्थीहरुले प्राप्त गरेको विषयगत उपलब्धि ३२

४.१.८ मधेशी दलित विद्यार्थीहरुको कक्षामा स्थानक्रम ३४

४.१.९ मधेशी दलित विद्यार्थीहरुको दैनिक विद्यालय उपस्थिति विवरण ३५

# चित्र सूची

१. प्राथमिक तहमा मधेशी दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरणको स्तम्भ ग्राफ २८

२. प्राथमिक तहमा मधेशी दलित तथा गैर-दलित विद्यार्थीहरुले प्राप्त गरेको औसत प्राप्ताङ्क विवरणको पाई चार्ट २९

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा शिक्षा पद्धतिको इतिहासलाई चर्चा गर्दा प्राचीन कालदेखि नै एक पिंढीबाट अर्को पिढीमा ज्ञान हस्तान्तरण हुँदै जाने पारिवारिक शिक्षाको परम्परा रही आएको पाईन्छ । समाजको प्रचलित रीति-रिवाज, चालचलन, जीवन आदर्श, धार्मिक तथा सामाजिक मान्यता सम्बन्धी शिक्षा घरमा नै दिईन्थ्यो । व्यवसाय तथा घर गृहस्थीको शिक्षा पनि यसै गरी दिईने गरिएको पाइन्छ । वर्णाश्रम व्यवस्थाको प्रारम्भ पछि गुरु-पुरोहित नै पढने-पढाउने र समाजको पथ प्रदर्शक भएको पाईन्छ । त्यस बखत औपचारिक विद्यालयको अस्तित्व थिएन । गुरुकहाँ गई चेलाहरुले व्यक्तिगत रुपमा ज्ञान एवं नीतिहरु सिक्दथे ।

नेपालको दक्षिण समथल भू-भाग पूर्व मेचीदेखि महाकालीसम्म बस्ने ठाउँलाई मधेश भनिन्छ । यहाँको हावापानी तातो अन्नका भण्डारका रुपमा परिचित तराई जसमा पनि नेपालका धेरै मधेशीहरु मध्ये जसमा ६७% मधेशीहरु बसोबास गर्दछन । कूल मधेशीहरु मध्ये करिव १०% मधेशी दलितहरु छन् (जनगंणमा २०४८)

समाजमा कुरीति, कुसंस्कार र अन्धविश्वासले जरो गारेर रहेको जातीय छुवाछुत भेदभाव तिरस्कारको कारणले नेपालको कूल जनसंख्याको एक चौथाई दलित समुदाय हरेक क्षेत्रबाट पछाडि पर्ने कुरा नर्कान सकिदैनँ । जसमध्ये मधेशी दलितहरु पछाडि पर्ने कुरा नै अस्वभाविक भएन । आधुनिक विश्वले नयाँ नयाँ ज्ञानको विस्फोट, विज्ञान, प्रविधि र सूचनाको विकासको क्षेत्रमा प्रतिस्पर्धा गरिरहेको बेला हाम्रो नेपालमा छुवाछुत, भेदभाव, अपमानको सिकार भइरहेकोले नेपाल अझै पनि ११ औं शताब्दीमा रहेको जस्तो लाग्दछ । मानिस चन्द्रमामा पुगेर मंगल ग्रहमा पुग्ने योजना भइरहेको बेला हाम्रो देशको मधेशी दलितहरुमा भइरहेको छुवाछुत, भेदभाव, अपमान जनक व्यवहारलाई जरा देखि निर्मुल गर्न सम्पूर्ण नागरिक र समाजका लागि प्रमुख दायित्व हुन आउँछ ।

परम्परादेखि युगौं युग देखि मधेशी दलितहरु शिक्षाबाट बञ्चित भएपनि अहिले पनि गरिबी र अचेतनाका कारणले गर्दा उनीहरु ज्यादै थौरै मात्र केटीहरु बिद्यालय जान थालेका छन् र उच्च शिक्षा हासिल गर्नेहरुको संख्या नगन्य रुपमा रहेको देखिन्छ । यिनीहरुको अत्यधिक ठूलो जनसंख्या

बिद्ययालय भन्दा बाहिर छ । तराईका बिभिन्न ठाउँमा विद्यालय गएका मधेशी दलितका नानीहरु माथि भेदभाव, दुरव्यवहार भएको पाइन्छ । जसले गर्दा विद्यालय जाने नानीहरुमध्ये धेरैले बीचमै विद्यालय छाडेको पाइन्छ ।

वैदिक कालमा पनि क्षेत्री र ब्राहमणहरुको आपसी कलहको कारण चौथो वर्ण शुद्रको ( दलितको निर्माण गरियो) शुद्रहरुलाई शिक्षा र सम्पतिबाट बञ्चित गरियो । धार्मिक मान्यता अनुसार ऋगवेदलाई जाति प्रथाको मुख्य स्रोत मानिएको छ । ब्राहमणको मुखबाट,क्षेत्रीको छातीबाट तिध्राबाट बेश्यको शुद्रको पैतालावाट (दलित) जन्म भएको हो । भन्ने उल्लेख गरेको पाइन्छ । मनु स्मृतिमा मनुले चारै वर्ण ब्राहमणले बेदपुराण पढाउने दान लिनु, यज्ञ गराउनु क्षेत्रीले प्रजाको रक्षा गर्नु वेश्यले खानेपिन तथा पशुपालन र शुद्रको तीनवटै वर्णको सेवा गर्नु कार्य विभाजन उल्लेख गरेको पाइन्छ । (पुर्ववत्)

नेपाली समाजको जातपातको सुरुवात ई.स. ६०० बर्षदखि शुरु भएको पाईन्छ । तर बंशावलीमा कानूनी रुपले राजा जयस्थिति मल्लले वि.स. १६६६ मा गोर्खाली राजा रामशाहले सामाजिक सुधार गर्दै छुवाछुतलाई व्यापक तुल्याएका थिए । जुन कुरा पृथ्वीनारायण शाहको पालामा १८८० मा अप्रत्यक्ष रुपमा मुलुकी ऐनले नेपाली समाजलाई दूई जातिमा विभाजन गऱ्यो । पानी चल्ने र पानी नचल्ने जुन राणा कालमा समस्या मिलाउन तिनै जातका प्रमुखलाई जिम्मा दिइएको थियो । ( पुर्बबत)

भारतीय उपमहाद्वीपमा वर्णव्यवस्थाको थालनी ई.पू. १५०० तिरबाट भएको पाईन्छ । वर्णव्यवस्था समाजमा विभिन्न किसिमको श्रमविभाजन हो । वैदिक र अवैदिक जनता बीच संघर्ष र सामन्जस्यताको क्रम अघि बढनु पनि हो । ऋग्वेदको रचना पूर्व (ईसापूर्व २०००-१२००) सम्म बैदिकजन र अवैदिकजन सँग संघर्ष गर्दा बैदिकजनको जीत भई आफूलाई श्रेष्ठ वा आर्य कहलाउन थाले । यसैबखतबाट वर्णको आधारमा भेदभावको जन्म हुन पुग्यो । ऋग्वेदको पछिल्लो खण्डमा समाजरुपि चार अंगका रुपमा ब्राम्हण, क्षेत्रीय, वैश्य, शुद्र कहलिए । जहाँ ब्राम्हणको काम यज्ञ र शिक्षा त्यसैगरी क्षेत्रीयको काम सुरक्षा, वैश्यको काम व्यापार र शुद्रको काम सेवा र कठिन श्रम रहन पुग्यो । श्रम विभाजनमा आधारित यो वर्ण व्यवस्था पछि गएर जातमा परिणत भयो । कथित उपल्लो जातको अन्याय रभेदभावले गर्दा उपनिषद कालको थालनी (ईसापूर्व ८००) तिरबाट

भारतीय उपमहाद्वीपमा मानव जातिको इतिहासको कलंकको रुपमा छुवाछुत प्रथाको प्रचलन स्थापित पुग्यो (मोदनाथ प्रश्रित, २०५८) ।

नेपालमा सर्वप्रथम जातपातको सुरुवात पूर्वी तराई (मिथिला प्रदेश) मा भएको पाईन्छ । ईशापूर्व १४०० तिर त्यहाँ उत्तर-पश्चिम भारतबाट आएका वेदजनमा प्रारम्भिक खालको वर्ण व्यवस्था रहेको पाईन्छ । तर यसले चर्को रुप धारण गरी सकेको देखिदैन । गौतम बुद्ध र महावीर जैनले यस प्रथाको विरोध गरेका थिए । आन्दोलनले  केही हदसम्म सफलता पाएको समेत थियो । त्यसैले बृद्ध र जैनलाई विष्णुको अवतारको रुपमा प्रचार गरी त्यसबखत छुवाछुत प्रथा विरुद्धको आन्दोलनाई भुत्ते र शिथिल बनाइएको पाइन्छ (मोदनाथ प्रश्रित, २०५८)

राणाकालमा केही विद्यालयहरु खुलेपनि कुनै पनि दलितहरुले पढ्न पाउँदैन्थे । पद्मम शमशेरको पालामा दरवार हाईस्कुलमा पहाडी दलितह्रुको लागि बेग्लै शिक्षकको दरबन्दीको व्यवस्था गरेपनि मधेशी दलितहरुको लागि कुनै व्यवस्था गरिएको थिएन । (स्रोतः नेपालमा शिक्षाको विकास, लेखनाथ पौडेल)

दोस्रो विश्वयुद्धपछि १० डिसेम्बर १९४८ मा जातिभेद वर्णभेद छुवाछुत, जस्ता अमानवीय कलंकका विरुद्ध अन्तर्राष्ट्रिय  स्तरबाट संयुक्त राष्ट्र  संघको मानव अधिकार घोषणापत्र जारी भएपछि नेपाल पनि दलित समुदायप्रति राष्ट्रिय स्तरबाटको नरम भएको पाइन्छ । २००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि दलित समुदायप्रति भेदभाव गर्नु हुदैन, शिक्षामा समान अवसर प्रदान गर्नुपर्दछ भन्ने कानुनी रुपमा वि.स २०२० सालको मुलुकी ऐन आएपछि सम्भव भयो । तर त्यो कितावी ज्ञानजस्तै व्यवहारमा आएन । नेपालको अन्तरिम संविधान २०६३ को धारा १४ मा छुवाछुत र जातीय विभेद विरुद्धकको हक उपधारा १,२,३,४ मा दिइएको छ । त्यसैगरी सामानताको हक धारा १३ मा र धारा १७ मा शिक्षा र संस्कृतिको हक दिइएको छ ।  रा.शि.प.यो. २०२८ ले देशका सबै नागरिकलाई शिक्षाको ज्योतिबाट अलग राख्नु हुदैन भन्ने कुरामा जोड दिदै शिक्षा पाउनु सबैको नैसर्गिक अधिकार हो भनेपछि केही दलित विद्यार्थी विद्यालय जान थालेको पाइन्छ । २०४९ सालमा शिक्षा नियमावली प्राथमिक शिक्षा निःशुल्क र दलित जातिलाई शिक्षामा बढीभन्दा बढी सहभागिता गर्नुपर्ने कुरामा जोड दिएका भएपनि विभिन्न कठिनाई समस्याहरुको कारणले गर्दा मधेशी समुदायको

कारणले गर्दा मधेशी समुदायको बालबालिकाहरुको विद्यालय सम्मको शिक्षा पनि अरु जातिका तुलनामा एकदम कम सहभागिता रहेको पाईन्छ । (स्रोतः दलित सेवा आयोग स्मारिक २०५८)

मधेशी दलित भन्नाले मधेशमा बस्ने चमार, पासवान, तत्मा, खत्वे, धोवी, बातर, चिडिमार, मुसहर, हलखोर, पाथरकट्टा, कलर, ककैहिया, कोरी, डोम, दुसाध, धोवी, पासी, आदि जतिलाई जनाउँछ । दलित भन्नाले छुन नहुने तथा पानी नचल्ने जातलाई जनाउँछ । नेपालका समाजशास्त्रीहरु अनुसार दलित भन्नाले त्यो समुदायलाई जनाउँछ, जो धार्मिक, साँस्कृति, आर्थिक, शैक्षिक तथा राजनैतिक रुपमा पिछडिएका समाजबाट तिरस्कार घृणा, भेदभाव पाएका जातिहरुलाई जनाउँछ । (स्रोत दलित सेवा आयोग स्मारिका २०५९)

मधेशमा मधेशी दलितहरुमाथि धेरै नै अभद्रव्यवहार हुनुमा कतै मन्दिर भएकाले कसैलाई छोएकाले आदि समाचारहरु सुनिन्छ । सप्तरीमा मधेशी दलितहरुमाथि मन्दिर जान नहुने, उसले छोएको पानी नचल्ने मान्छेलाई छोएपछि अछुत हुने जस्ता धारणा अझैपनि व्याप्त रहेको देखिन्छ । यी दलितहरु परमपरागतदेखि नै पिछडिएका छन् । झण्डै कूल जनसंख्याको ७.९% भाग ओगटेका मधेशी दलितहरु परम्परागतदेखि नै पिछडिएका छन् । झण्डै कूल जनसंख्याको ७.९% भाग ओगटेका मधेशी दलितहरु भाषिक रुपमा कुण्ठित अपमानित मानसिक रुपमा दलित, साँस्कृतिक र धार्मिक रुपमा वहिष्कृत, सामाजिक रुपमा अपहेलित, आर्थिक रुपमा शोषित राजनैतिक रुपमा उपेक्षित र शैक्षिक रुपमा बञ्चित रहेको छन् । समग्रतामा भन्ने हो आफ्नो अलग पहिचान नै नभएका भधेशी दलितहरु हुन् । (स्रोत एक्काइसै शताब्दीमा मधेशी दलित, मधेशी दलित महासंघ, २०६४)

२०५८ सालको जनगणना अनुसार मधेशी दलित समुदायको जनसंख्याको कुल जनसंख्याको ५% ओगटेको छ । जसको ९०% दलित मधेशीहरु गरिबीको रेखामुनि रहेको र स्थानीय स्रोत र साधनबाट बञ्चित भएको छ ४४% मधेशी दलितहरु भूमिविहिन रहेका छन् । सांस्कृतिक र भाषिक रुपमा धेरै धनी रहेका यी मधेशी दलितहरु कूल मधेशी जनसंख्याले २१% मात्र साक्षर रहेको देखिन्छ । श्याम र गौर दुवै वर्णका मधेशी दलितहरु राज्यको यिनीहरु संस्कृतिलाई संरक्षण नगरेपछि उनीहरुको संस्कृति लोप भइरहेको छ । राज्यले स्थानीय भाषामा शिक्षाको व्यवस्था गरेपनि पाठ्यक्रम र पाठ्यपुस्तकको कारणले त्यो धोको पूरा हुन सकेको छैन् । (स्रोत जनगणना २०५८ एकासौं शताब्दीमा मधेशी दलित समुदाय मधेशी महासंघ २०६८)

कुनै पनि देशको विकासमा शिक्षाले महत्वपूर्ण भुमिका खेलेको हुन्छ। त्यसमा पनि शिक्षा प्रणालीमा प्राथमिक शिक्षाको ज्यादै ठूलो महत्वपूर्ण स्थान ओगटेको छ्। किनकि 'जग बलियो भयो भने घर बलियो हुन्छ' भन्ने भनाईबाट यो कुराको पुष्टि हुन्छ। उच्च शिक्षाको आधारसिला प्राथमिक शिक्षालाई निःशुल्क र सर्वसुलभ बनाउनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन भएको भएपनि धेरै मधेशी दलितहरुका बालबालिकाहरु विद्यालय गएका छैनन्। केही मात्रामा विद्यालयमा गएपनि बिभिन्न कठिनाईले बिचमै विद्यालय छाडेको देखिन्छ र कक्षा उतीर्ण हुनुको संख्या कमै छ। यो समुदायको शैक्षिक, आर्थिक, सामाजिक स्थितिको बारेमा कमैमात्र अनुसन्धानहरु भएको पाइन्छ। त्यसैले आज मधेशी दलित समुदायको यथार्थ बस्तुस्थितिको चित्रण गर्नु नितान्त आवश्यक छ। त्यसकारण  मधेशी दलित समुदायको यर्थाथ बस्तुस्थितिको चित्रण गर्नु र प्रेरणा दिनु शिक्षामा पनि उनीहरुको सहभागिता जनाउन विभिन्न किसिमका कार्यक्रमहरु संलग्न गर्न नितान्त आवश्यक छ। त्यसकारण माध्यमिक मधेशी दलित बालबालिकाहरुको शिक्षामा सहभागिता भने तराईका  मिथिला अञ्चलको सप्तरी जिल्ला युगौंयुग देखि बसोबास गर्दै आएका मधेशी दलितहरुका बालकालिकाहरु केकति शिक्षामा सहभागीता जनाएका छन् भन्ने कुरालाई अधार बनाई यस शीर्षकको वारेमा गुणात्मक र परिमाणात्मक अनुसन्धान गरिएको छ।

बास्तवमा भन्ने हो भने कुनै पनि देशको विकासको लागि शौक्षिक जनशक्तिको आवश्यकता पर्दछ। देश तब शिक्षित र विकसित हुन्छ  जब जनताहरु शिक्षित हुन्छ। जसका लागि देशको शिक्षा लगायत अन्य तहहरुमा पनि मधेशी दलितहरुलाई सहभागिता गराउन जरुरी छ। जसरी विरुवाको विकास गोडमेलद्वारा हुन्छ, त्यसरी नै मानिसको विकास शिक्षाद्वारा हुन्छ भने शिक्षाविद्हरु भन्दछन्। यी दलितहरुमाथि कुनै पनि किसिमको भेदभाव नगरी शिक्षामा सहभागिता गराएर सिङ्गो देशको मद्दत गर्न यो अनुसन्धानले केही मद्दत गर्नेछ।

## १.२ समस्याको कथन

यो अध्ययन सप्तरी जिल्लाको विद्यालयमा अध्ययनरत मधेशी दलित बालबालिकाहरुको शैक्षिक पहुँचको लेखाजोखा गर्नु रहेको भएतापनि प्रस्तुत अध्ययनले विद्यालयहरुमा मधेशी दलित बालबालिकाहरु के कति मात्रामा विद्यालय गएका छन् ? विद्यालयहरुमा मधेशी दलित

बालबालिकाहरु विद्यालय पठाउन र नपठाउनुका कारण के हुन् ? विद्ययालयहरुमा मधेशी दलित बालबालिकाहरुको शैक्षिक अवस्था के छ ? विद्यायलयहरुमा मधेशी दलित बालबालिकाहरुको शैक्षिक पहुँचमा सुधार ल्याउन के–के प्रयास भएका छन् ? प्रश्नहरुको उत्तर खोजी गऱ्यो ।

प्राथमिक तहमा दलित बालबालिकाहरुको सहभागिता सकारात्मक भएतापनि निम्न माध्यमिक तहमा तथा माध्यमिक तहमा पुग्दा उनीहरुको सहभागिता निराशाजनक अवस्था पाईन्छ । परीक्षामा उत्तीर्ण संख्या, सिकाई उपलिब्ध स्तर दलितको न्यून एवं गैर दलित विद्यार्थीहरुमा समान नभई व्यापक फरकपन छ भन्ने गुनासो रहेको पाईन्छ । यस सन्दर्भमा उक्त परीक्षाको औसत सिकाई उपलब्धि के छ ? लेखाजोखा गर्ने, दलित र गैर दलित विद्यार्थीको सिकाई उपलब्धिको स्थिति पत्ता लगाउने साथै तुलना गर्ने, दलित विद्यार्थीको सिकाई उपलब्धि अभिबृद्धि गर्न के उपायहरु सुझाउन सकिन्छ ? जस्ता महत्वपूर्ण एवं सान्दर्भिक सवालहरुको जवाफ खोज्नु नै यस अध्ययनलाई समस्याको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि क्षेत्रमा गरिने अध्ययन तथा अनुसन्धानको उक्त क्षेत्रमा आ-आफ्नो औचित्य रहेको हुन्छ । यो अध्ययनको औचित्य एवम् महत्व शैक्षिक क्षेत्रमा मधेशी दलित वालवालिकाहरुको पहुँच पुऱ्याउनु हो ।

अध्ययनको औचित्यता सम्बन्धी भन्नुपर्दा अहिलेको विज्ञान तथा प्रविधिको युगमा एकदमै महत्वपूर्ण देखिन्छ । अहिले प्रविधिको मद्दतले संसारलाई एकदमै सानो बनाएको छ । अहिले आएर विश्वभरका मानिसहरु कुनै पनि स्थान, व्यक्ति, संस्कृति र अरु पक्षहरुको सम्बन्धमा जानकारी हासिल गर्न सक्षम भएका छन् । मानव अधिकारवादीहरुको विचारमा अहिले उपलब्ध भएका प्रविधिहरुको मद्दतले केही व्यक्तिहरु धेरै व्यक्तिहरुसँग सम्बन्ध राखी विकसित देशहरुमा सम्वन्ध विस्तार तर्फ गरिरहेका छन् । त्यो सबैको लागि बराबरी उपलब्धिको रुपमा देखा परेको छ ।

यो अध्ययन सप्तरी जिल्लाको विद्यालयमा अध्ययनरत मधेशी दलित बालबालिकाहरुको शैक्षिक पहुँचको लेखाजोखा गर्नुका साथै यस समुदायका बालबालिकाहरुलाई बढी भन्दा बढी शिक्षामा सहभागि गराउन र शिक्षाको उज्यलो धाम बाट कुनै वर्ग समुदाय बञ्चित नरहुन् र शिक्षालाई

आफ्नो अधिकार बुझ्की सो सम्बन्धित विभिन्न अध्ययन अनुसन्धानको निकै नै महत्व देखिन्छ र त्यो आबश्यक पनि देखिन्छ ।

यसका अलावा दलित बालबालिकाहरुको सिकाई उपलब्धिलाई अभिबृद्धि गर्नका निम्ति कार्यरत शैक्षिक नीति निर्माता, पाठयक्रम निर्माता, परीक्षा व्यवस्थापनका संचालनकर्ता सरकारी एवम् गैरसरकारी संघसंस्था, स्थानीय निकाय आदिलाई थोर बहुत शैक्षिक सूचनाको उपलब्ध गराउन यस शोधले सघाउ पुऱ्याउने अपेक्षा राखिएको छ । अगामी दिनमा यस विषयसँग सम्बन्धित अनुसन्धान गर्ने अनुसन्धानकर्ताको निम्ति सन्दर्भ सामग्रीको रुपमा समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ । साथै शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याउन सरोकारवालाहरुलाई आवश्यक सहयोग पुऱ्याउने अपेक्षा समेत राखिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

उदेश्य बिनाको कुनै पनि कार्य हुदैन अर्थात कुनै कार्यको प्रारम्भ कुनै न कुनै उद्देश्य पूर्तिको निमित्त गरिन्छ । यस अध्ययनको प्रमुख उद्देश्यहरु निम्नानुसार रहेको देखिन्छ ।

१. शैक्षिक क्षेत्रमा मधेशी दलित वालवालिकाहरुको पहुँच पत्ता लगाउनु,
२. शैक्षिक क्षेत्रमा मधेशी दलित बालबालिकाहरुको पहुँच विद्यालयसम्म नपुग्नुको कारणहरु पत्ता लगाउनु ।
३. शैक्षिक क्षेत्रमा मधेशी दलित बालबालिकाहरुको विद्यालयसम्म पहुँचमा सुधार ल्याउनका लागि सुझाव दिन ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनलाई पूरा गर्नका लागि निम्नलिखित प्रश्न राखिएको छ :

१. विद्यालय तहमा मधेशी दलित बालबालिकाहरुको संख्यात्मक स्थिति कस्तो छ ?
२. मधेशी दलित बालबालिकाहरुको शैक्षिक पहुँच कस्तो छ ?
३. विद्यालय तहमा मधेशी दलित बालबालिकाहरुको विद्यालय नजानुका कारणहरु के-के हुन् ?
४. के के कारणले मधेशी दलितहरु विद्यालय जादैन ?

५. शिक्षाले मधेशी दलित बालबालिकाहरुमा के कस्ता साकारात्मक प्रभाव पारेका छन् ?

६. शैक्षिक क्षेत्रमा मधेशी दलित बालबालिकाहरुको पहुँचमा सुधार ल्याउन के-के सुझाव दिन सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

प्रस्तुतकर्ता एक विद्यार्थी भएकोले सीमित स्रोत र खर्चमा कार्य पूरा गर्नु पर्ने भएकोले सप्तरी जिल्ला अन्तर्गत पर्ने विभिन्न विद्यालयहरुमध्ये ४ गा.वि.स का कक्षा १ देखी १० सम्मका मधेशी दलित विद्यार्थीहरुमा सीमित रहेको छ । विद्यालय छनोट गर्दा प्रत्येक गा.वि.स बाट १/१ ओटा गरी जम्मा ४ ओटा विद्यालय छनौट गरिएकोले यो अध्ययन ४ ओटा विद्यालयमा सीमित रहेका छन् । दलित विद्यार्थीहरुको घरमा जाँदा उनीहरुसँग दुई दिनको गर्दाखेरि स्थलगत अन्तर्वार्ता, अवलोकन आदि गरिएको छ । अध्ययन कार्य गर्दाखेरि सम्पूर्ण क्षेत्रमा अध्ययन गर्न असम्भव र आवश्यक स्रोत साधनको अभाव हुने भएकोले अध्ययनको जटिलतालाई मध्यनजर गरेर निश्चित सीमाभित्र रही अध्ययन कार्य गरिएको छ । यो अध्ययन तराईका गाउँमा बसोवास गर्ने मधेसी दलितहरु मुसहर, बाँतर, खत्वे, डोम, चमार, दुसाध, तत्मा आदिमा सीमित रहेको छ ।

मधेसी दलितहरुको पहुँच सम्बन्धि प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा उनीहरुको वर्तमान अवस्था, शैक्षिक उपलब्धि, उनीहरुको संख्यात्मक विवरण, विद्यालयमा उपस्थितीको अवस्था, स्थान क्रम, मधेसी दलित र गैर दलित बीच तुल्नात्मक अवस्था आदिमा मात्र सीमित रहेको छ । शैक्षिक शत्र २०७०/७१ को शैक्षिक गतिविधिमा आधारित रहेको छ ।

सीमित स्रोत साधनमा यो अध्ययन गरीएकोले यस अध्ययनका निष्कर्षहरुलाई यो जिल्ला लगायत देशको विभिन्न भू-भागमा रहेको मधेसी दलितहरुको सामान्यीकरण गर्न सकिन्छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कुनै पनि शोध अनुसन्धान कार्यलाई निचोडमा पुऱ्याउन पूर्व स्वीकृत तथ्य वा सिद्धान्तको आधार लिनुपर्ने हुन्छ । त्यसै स्वीकृत तथ्य वा सिद्धान्तमा आधारित कुनै पनि नयाँ तथ्यहरु विश्वसनीय र वास्तविक हुन्छन् । यो एउटा निरन्तर प्रक्रिया पनि हो । यसरी अनुसन्धानबाट पत्ता लगाइएका तथ्य कुराहरु सिद्धान्तहरुबाट प्रमाणित भएको हुनुपर्दछ । यी मान्यता र तथ्यको सहयोगबाट नै कुनै नयाँ मुद्दा र समस्याको समाधानको विकल्पहरु खोज्न सम्भव र सान्दर्भिक  हुन्छ । जसले शोधकर्तालाई खोजी गर्न बाँकी समस्याहरुको वारेमा आफ्नो अध्ययनलाई केन्द्रित गराउने अवसर प्राप्त हुन्छ । तसर्थ मैले अनुसन्धानको क्रममा यस अध्ययनसँग सम्बन्धित लेख, रचना, शोधग्रन्थ आदिको संक्षिप्त विवरणलाई आफ्नो अध्ययनसँग दाँजेर प्रष्ट्याउने प्रयास गरेको छु ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अधिकांश अध्ययनहरुले प्राथमिक शिक्षकको तालिमको प्रभावकारितालाई विद्यार्थी उपलब्धिसँग दाँजेको तर शिक्षकको कक्षाकोठा व्यवस्थापन पक्षलाई वस्तुगत ढङ्गले नहेरेको हुनाले यस शोध कार्यसँग प्रत्यक्ष सम्बन्धित साहित्य कमै छन् । तथापि अध्ययनको सन्दर्भमा उपयोगी हुने र यस अध्ययनलाई थप सहयोग गर्ने केही साहित्यहरु र त्यसका निष्कर्षहरुले समेत यस अध्ययनलाई मार्गदर्शन पुग्ने हुँदा केही अध्ययनहरुको पुनरावलोकन गरिएको छ ।

मधेशी दलित बालबालिकाहरुको शिक्षामा सहभागिता सम्वन्धी अहिलेसम्म केही अध्ययन अनुसन्धान भएको पाइन्छ तर सम्पूर्ण दलित विद्यार्थीहरुको शिक्षामा सहभागिता सम्बन्धी समय समयमा विभिन्न ठाउँहरुमा अध्ययन अनुसन्धानहरु भएको पाइन्छ । ती अनुसन्धानहरुमा देखिएका कमिकमजोरीहरु हटाउन सुधार गर्न र ती अध्ययनहरुले उठाउन नसकेका मुद्दाहरुलाई यस अनुसन्धानमा समेटिएको छ । किनकि यो भन्दा माथिका अध्ययनहरुले उठाउन नसकेका सम्स्याहरुले मलाई प्रस्तुत विषयमा अध्ययन गर्न प्रेरित गरेकोले म यो अनुसन्धान गर्न लागेको हुँ । यो भन्दा पूर्व गरिएको अनुसन्धानले मलाई समस्याको बारेमा परिचय गराउन अध्ययनको उद्देश्यहरु निर्धारण गर्न, यस अध्ययनको औचित्य र सिमा निर्धारण गर्नुका साथै अनुसंधानको ढाचाँ तयार गर्न अनुसंधानको लागि नमुनाहरु छनौट गर्न, सुचनाहरु संकलन गर्न औजारहरु खुल्ला प्रश्नावलीहरु, असंरचित अन्तरर्वार्ता, र सहभागितात्मक अवलोकन फारमको निर्माण गर्नमा पनि प्रत्यक्ष गर्नुका साथै सुचनाहरु संकलन गर्ने तरिकाहरुमा आवश्यक निर्देशन सहयोग गर्दै संरचनाहरु विश्लेषण गर्न र

अनुसंधानको सारांश निकाल्न र अध्ययनको अन्तमा देखिएका समस्याहरुलाई निराकरण गर्नका लगि आवश्यक सुझावहरु प्रस्तुत गर्न निरन्तर सहयोग गरेकोले म प्रस्तुत विषयमा अनुसन्धान गर्न सुरु गरेको हुँ ।

विगतले वर्तमानलाई मार्गदर्शन गर्छ । विगतमा भए गरेका कार्यहरूको लेखाजोखा गरि वर्तमानका लागि कार्यतर्जुमा गर्नु वढी सान्दर्भिक हुन्छ । यसैले कुनै पनि अनुसन्धान कार्यको लागि सम्बन्धित सामाग्रीहरूको अध्ययन र समीक्षा एउटा महत्वपूर्ण कार्य हो । पूर्व साहित्यको समीक्षावाट अध्ययन कर्ताले अध्ययन अनुसन्धान गर्न वाँकी रहेको विषय वा क्षेत्रमा जानकारी लिने, नयाँ विषयवस्तु खोज्ने र त्यस्ता विषयवस्तुको वारेमा गहिराइमा पुग्ने प्रयास गर्दछ । यस अध्ययन सँग सम्बन्धित लेख, रचना, शोधग्रन्थ आदिको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

कर्ण, पवनकुमार (२०६६) **सप्तरी जिल्लाका प्राथमिक विद्यालयमा मधेशी दलित  बालबालिकाहरुको सहभागिता** अन्तर्गत शैक्षिक जनचेतनाको कमि भएकोले जनचेतना कार्यक्रम गराई माथिल्लो कक्षामा पढने प्रोत्साहन गर्नुपर्ने , छोराछोरीमा भेदभाव नगरी विद्यालय पठाउनुपर्ने, शिक्षा प्रतिको नकारात्मक धारणा हटाउनु पर्ने , सामाजिक रुपमा विभिन्न संगठनले दलितको वकालत गर्नु पर्ने , मधेशी, दलितलाई मासिक भत्ता दिनुपर्ने , मातृ भाषा अनुसार पाठ्पुस्तक बन्नुपर्ने, शिक्षक विद्यार्थी विद्यालयमा भेदभाव हटाउन प्रयास गर्नु पर्ने र विद्यालयमा भौतिक वातावरण बनाउनुपर्ने सुझावहरु प्रस्तुत गरिएको छ ।

जोशी, रमेशचन्द्र (२०६५) **दलित तथा पिछडिएका वर्गका वालवालिकाहरुको प्राथमिकता** अन्तर्गत एउटा पुरुषलाई शिक्षा दिँदा एक व्यक्ति मात्र शिक्षित हुन्छ, तर एक महिलालाई दिँदा पुरा परिवार नै शिक्षित हुन्छ भन्ने कुरामा धेरै जसो शिक्षाविद्धहरुले प्रष्ट धारणा व्यक्त गरिसकेका हुनाले जोशी ( २०६५) का अनुसार नेपालको शैक्षिक इतिहास केलाउँदा बुद्ध धर्ममा जस्तो हिन्दू धर्ममा महिलाहरुलाई शिक्षा दिने संस्थाहरु पर्याप्त नभए तापनि गाग्री, मेत्रेयी, सीता जस्ता हिन्दू नारीहरुले शिक्षा आर्जन गरी धार्मिक शिक्षाको प्रचार प्रसार गरेको कुरा हिन्दू धर्मशास्त्रहरुमा उल्लेख भएको पाइन्छ । यसैगरी बुद्धधर्ममा भृकुटीको नाम लिन सकिन्छ । यसरी सीमित हिन्दू नारीहरु शिक्षाका चम्किला ताराको रुपमा देखापरे तापनि अधिकांश  हिन्दू खास गरी नेपाली नारीहरु पुरुष प्रधान देश भएकोले  उनीहरुबाट नियन्त्रित दमन र शोषित हुँदै आएका  छन् । नेपाली महिलाहरु पुरुषहरुको सेवकको रुपमा दिन बिताउँदै आएका छन् । खासगरी मधेसी दलित महिलाहरु अनपढ र चेतनाको अभाव भएकै कारण पूर्ण रुपमा पुरुषमाथि निर्भर भएको हुन्छ जसको फलस्वरुप आफ्नो हक र

अधिकार के हो भन्ने समेत थाहा हुँदैन । उनीहरु घरायसी काम धन्दामा दिन बिताउँछन् । यो अवस्थाबाट मुक्ति पाउन महिलाहरु आफै अन्य संगठनहरुले लामो समयदेखि प्रयत्न गर्दै आएका छन् ।

त्रिपाठी, वालेश्वर (२०६३) **आर्थिक व्यवस्थापनमा महिलाको भूमिका** अन्तर्गत महिलाहरुले पुरुषको दाँजोमा कामहरु धेरै गर्छन् तर ती सबै कामहरु ओझेलमा पारिएका हुन्छन् । यसैले गर्दा आर्थिक वृद्धिदर तय गरिने, उत्पादनको नाप लिने जस्ता कामको सूचक बनाउने कार्यमा यसले महत्व पाएको  हुँदैनन् । फलस्वरुप वार्षिक आयको निर्धारण गर्ने कार्यमा नै असर पारिरहेको छ । यस प्रकार विकासको स्थिति हेर्ने र आर्थिक स्थितिको आँकलन गरिने परिपाटी अपनाउनाले पनि हाम्रो प्रति व्यक्ति आय कम हुन पुगेको हुन सक्छ । यस्तो हचुवा प्रकारको मापन कार्यले गर्दा देशका विकासको लागि तयार पारिएका योजना ती योजनाको कार्यान्वयनमा समेत नराम्रो असर पारिरहेका हुन्छन् । यस्ता कुराहरुलाई पनि अर्थशास्त्रीहरुले चासोको विषय बनाएका हुँदैनन् । किन अर्थशास्त्रका क्षेत्रहरुलाई पुरुष पक्षीय बनाएर आर्थिक व्यवस्थापनका कार्यहरु गराएका हुन्छन् ? यस्ता कुराहरु धेरै विचारणीय  छन् ।

सन् (२०००-२०१५) **सबैको लगि शिक्षा** कार्यक्रमले डकार सम्मेलन मार्फत सबै बालबालिका एवं अल्पसंख्यक, दलित, पिछडिएकृ वर्गको लागि निःशुल्क अनिवार्य माध्यमिक शिक्षामा सबैको पहुँच र स्तीरय प्राथमिक शिक्षाको सुनिश्चतता गरिनु पर्ने कुराको शिक्षालाई स्तरीय शिक्षा भन्ने कुरालाई प्रष्ट पारेको देखिदैन त्यसकारण त्यो कुराहरु उठाउन म अनुसन्धान गर्न प्रस्तुत विषयको छनौट गरेको छु ।वि.स (२०५९-२०६४) ले शिक्षालाई गरिबी निवारणका लागि र दलित पिछडिएको वर्ग तथा महिलाको जीवणस्तर उकास्न शिक्षाको सहयोग सिद्ध हुने र दलित पिछडिएको वर्ग तथा महिलालाई त्यसमा राखी उनीहरुको पहुँच बढाउन विशेष कार्यक्रम संचालन गर्नुपर्ने कुरा उल्लेख गरेपनि त्यो विशेष कार्यक्रमहरु कुन-कुन र कसरी संचालन गर्ने भन्ने बारेमा प्रस्तुत पार्न सकेको छैन । त्यसकारण म आपनो अनुसन्धानमा ती विशेष कार्यक्रमहरु उल्लेख गर्न यस अनुसन्धानले सहयोग गर्ने छ ।

ग्रिसेली दार्शनिक तथा राजनीतिज्ञ एरिस्टोटलका चिन्तनमा विभेदीकरणको मुल कारण आर्थिक कारण हो । उनका अनुसार समाजमा धनि, मध्यम र निम्न वर्गका मानिसहरु रहेका हुन्छन् । यस किसिमको विभेदीकरणको अवस्थाले समाजको सञ्चालनमा बाधा पुगिरहेको हुन्छ । सरकारले

नागरिकको पालनपोषण र बुद्धिमान् अनि मध्यस्थ जनसंख्याको स्थापनाका लागि नागरिकको जन्म, शक्ति र सम्पत्तिको असमान परिणामप्रति एरिस्टोल सधैं चिन्तित रहेका देखिन्छन् । (टुमिन १९७०)

इटालीका चिन्तक माकियाभेलीका विचारमा समाजमा सम्भ्रान्त वर्ग र निम्न वर्ग रहेका हुन्छन् । सम्भ्रान्त वर्ग अर्थिक, सामाजिक र राजनैतिक हिसावले सम्पन्न रहेको शासक वर्ग हो भने निम्न वर्ग शोषित वर्ग हो । समाजमा जहिले पनि यी वर्ग बीचमा द्वन्द्व चलिरहेको हुन्छ । उनका अनुसार सामाजिक वर्गीकरण वा विभेदीकरणको प्रमुख पक्ष पनि आर्थिक कारण हो ।

मार्क्स भन्दछन् - विद्यमान मालिकत्व सम्बन्धले एक जातिद्वारा अर्को जातिको शोषणको लागि अवस्था प्रदान गर्दछ । आफ्नो मुलुकमा अन्य जातिहरुलाई थिच्ने, मिचने गर्दछन् र विदेशी मुलुकहरुमा उनीहरु बजार, कच्चा माल पैदा गर्ने, लगानी गर्ने ठाउँको लागि तँछाड-मछाड गर्दछन् र आफ्नो शोषणको ठाउँलाई बढाउँछन् । मार्क्सले अर्को कुरा के थप्दछन् भने ॱजातीय मुक्ति आन्दोलनको विकास पूँजीवादी मुलुकहरुमा शासक वर्गहरु माथि एक निर्णायक प्रहार रहन्छ र सो विकास सर्बहारा वर्गहरुका आफ्नो मुक्तिको निम्ति आवश्यक छ ॱ (चुन ल्यु (२०५१), मेयर र वोग्तालाई मार्क्सको पत्र, १९९२ पृ.१९० जातीय र वर्ग संघर्षमा उद्धत)

## २.२ सैद्धान्तिक खाका

कुनै पनि अनुसन्धान कार्यलाई निचोडमा पुऱ्याउन पूर्व स्वीकृत सिद्धान्तको आधार लिनु पर्ने हुन्छ । पूर्वस्वीकृत सिद्धान्तमा आधारित कुनै पनि तथ्यहरू विश्वसनीय र वास्तविक हुन्छन् । अनुसन्धानवाट पत्ता लगाइएका कुराहरू स्थापित सिद्धान्तवाट प्रमाणित भएको हुनुपर्छ । यस्ता मान्यताप्राप्त तथ्यांकहरूको सहयोगबाट नयाँ समस्याको समाधानका लागि विकल्पहरू खोज्नु सजिलो हुन्छ । समाजमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने क्रममा सरोकारवाला पक्षहरूमा उत्प्रेरणा जगाउन आवश्यक पर्दछ । यसले हरेक व्यक्तिको काममा जोस, जागर, उत्साह, मनोवल वढ्छ भन्नु स्विकृत मान्यता भएकोले उत्प्रेरणा सम्बन्धी विभिन्न सिद्धान्तहरूलाई यस अनुसन्धान कार्यमा उपयोग गर्नु उचित हुने देखिन्छ ।
यस अध्ययनको उद्देश्य अनुसार विद्यालयमा उपलब्ध साधन, श्रोत, कार्यक्रम, अनुभव उपलब्धि, अभिभावकको चेतना, आर्थिक, सामाजिक , राजनीतिक एवं सांस्कृतिक आदि जस्ता पक्षहरुमा केन्द्रित रही कार्लमार्क्सको द्वन्द्व सिद्धान्त, म्याक्स वेवरको सामाजिकका विभेदीकरणको सिद्धान्त, अव्राहम मास्लोको उत्प्रेरणाको सिद्धान्तलाई मुख्य सैद्धान्तिक ढाँचाको रुपमा प्रस्तुत गरिएको छ ।

कार्लमार्क्स (सन् १८१९-१८८३) का अनुसार सामाजिक विभेदीकरणको मुख्य कारण पुँजी हो । उनका अनुसार उत्पादन र वितरणमा रहेको पहुँचमा असमानताले विभेदीकरणलाई उच्च स्थानमा पुऱ्याएको हुन्छ । सिंगो सामाजिक अवस्थाको स्वरुपमा परिवर्तन ल्याउने आधार वर्ग संघर्ष हो । वर्ग संघर्षको सिद्धान्त अनुसार समाजमा विभिन्न वर्गहरु रहेका हुन्छन । सामाजका यी परस्पर विरोधी वर्गहरु बीच आ-आफनो स्वार्थलाई लिएर सामाजिक संघर्षको स्थिति उत्पन्न हुन्छ । यस अन्तरगत शोक्षित, श्रमिक वर्ग र पुँजीपति वा शोषकवर्गहरु बीच उत्पादन, वितरणका साधनहरुमा स्वामित्वको सम्बन्धमा वर्गीय आधारमा सधैं सामाजिक द्वन्द्व हुने गर्दछ (शर्मा, २०५८ मा उद्धृत) । यस सिद्धान्त अनुसार सप्तरी जिल्लाको उक्त परीक्षामा मधेशी दलित एवं गैर दलित विद्यार्थीको सिकाई उपलब्धिको तुलनात्मक विश्लेषण गरिएको छ । यसर्थ कसरी आर्थिक असमानताका कारण दलित गैरदलित विद्यार्थीको सिकाई उपलब्धिमा प्रभाव पर्दछ भन्ने पक्षहरुको बारेमा पनि चर्चा एवं विश्लेषण गरिएको छ ।

म्याक्स वेवर (१८६४-१९२०) का अनुसार समाजमा शक्तिको वितरण केही फरक ढंगले भएको पाईन्छ । उनका अनुसार समाज शक्ति, सम्पत्ति, प्रतिष्ठा, प्राप्तिका लागि व्यक्ति व्यक्ति बीच आपसी खिचातानी भइरहेको हुन्छ । उनी के दावी गर्दछन् भने व्यक्ति वा समाजको आर्थिक अवस्थाउसको सामाजिक प्रतिष्ठा वा स्तरसँग सम्बन्धित रहेको हुन्छ । धार्मिक मान्यता सहितको यस्ता अवस्थाले असधारण समाजको निर्माण गर्दछ । यसरी आपसी खिचातानीबाट प्राप्त भएको विभेदीकरणमा परिवर्तन ल्याउन साथ सामाजिक विभेदीकरणमा पनि परिवर्तन आउँदछ (रेग्मी, २०६४ मा उद्धृत) । यस सिद्धान्तलाई सप्तरी जिल्लाको उक्त परीक्षामा दलित एवं गैर दलित विद्यार्थीहरुको सिकाई उपलब्धिको तुलनात्मक विश्लेषण गर्नमा उपयोग गरिएको छ ।

अब्रहाम मास्लोले सन् १९४३ मा **अभिप्रेरणा सम्बन्धि सिद्धान्त** प्रतिपादन गरेका थिए । मानिसका प्रशस्त इच्छा, आवश्यकता, चाहना हुने गर्दछन् । एक आवश्यकताको परिपूर्ति हुन साथ अर्को आवश्यकता तुरुन्त प्रकट हुन्छ । तर आवश्यकताको पूर्ण परिपूर्ति कहिल्यै पनि हुन सक्देन । मानिसमा पूरा नहुने अनगिन्ती इच्छा, चाहना हुनछन् जसलाई निश्चित स्वरुपमा बर्गीकरण गर्न सकिन्छ । निम्न तहका धेरै आधारभुत आवश्यकताको परिपूर्ति पश्चात प्राथमिकताका क्रममा उच्चस्तरका आवश्यकताहरु परिपूर्ति गर्न व्यक्ति उत्प्रेरित हुँदै जान्छ । उसले मानिसका आवश्यकताहरुलाई निम्न पाँच श्रृखलाहरुमा वर्गीकरण गरेका छन् । (क) शारीरिक आवश्यकता (ख) सुरक्षाको आवश्यकता (ग) सामाीजक आवश्यकता (घ) आत्मसम्मानको आवश्यकता (ङ) आत्मवोध

वा आत्मानुभुति (वाग्ले, २०६४) उनको प्रेरणाको सिद्धान्तलाई उक्त परीक्षामा दलित एवं गैर दलित विद्यार्थीहरुको सिकाई उपलब्धिको तुलनात्मक अध्ययन गर्न व्याख्या एवं विश्लेषण गर्न उपयोग गरिएको छ ।

पाउलो फ्रेरेले सन् १९७२ मा **उत्पीडीतहरुका लागी शिक्षण कला** प्रतिपादन गरेका थिए । यस सिद्धान्तमा फ्रेरेले गरीब शोषित पिडित र निमुखाको हित अनुकुल प्रौढहरुलाई साक्षर बनाउन उनीहरुमा सक्रिय सहभागिता बदाउनु पर्छ भन्ने रहेको छ । वहाँले सहभागीतामूलक र तार्किक छलफलमूलक शिक्षण प्रक्रिया सञ्चालनमा ल्याइनु पर्ने धारणा रहनुको साथै लिखित परीक्षालाई गौण गरी वास्तवमा व्यवहारमा आएको परिवर्तनलाई हेरेर मूल्याङ्कन् गर्ने परि पाटी वसाल्नु रहेको छ । यस सिद्धान्तले अध्ययनको क्रममा सहभागी मधेशी दलित उत्पीडीतहरुको शैक्षिक पहुँच, अवस्थामा सुधार ल्याउन उनीहरुको सक्रिय सहभागीता बढाउनका लागी यस सिद्धान्तको उपयोग गर्न सकिन्छ । (फ्रेरे, पाउलो १९७०)

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

अनुसन्धानकर्ताको अध्ययनसँग सम्वन्धित पूर्व साहित्यको समिक्षाले मघेशी दलित बालबालिकाको शैक्षिक अभियानले सोचेजस्तो समाजमा मघेशी दलित बालबालिकाको स्तरमा सुधार नल्याएको तथा बालबालिकाको अभिभावकद्धारा जहिलेपनि अपहेलित हुनु परेको छ । विकासको आर्थिक मेरुदण्डलाई उपार्जन गर्ने विद्यालय तहमा मघेशी दलित मधेशी गैरदलितबाट जहिले पनि अपमानित र मूल्याङ्कनहिन भएको छ । जुन रुपमा शैक्षिक अभियानले दिनुपर्ने फाइदा हो त्यो दिन सकेको छैन । यस परिप्रेक्ष्यमा शिक्षाले बालबालिका तथा सरोकार वाला पक्षहरुमा के कस्तो प्रभाव परेको छ भनेर हालसम्म अध्ययन नभएको पाइएकोले यस शीर्षकलाई अध्ययनको विषयबस्तु बनाइएको छ । जसले यो वर्गमा सुधार हुने मौका उपलब्ध गराउँदछ । यस अध्ययनले मघेशी दलित बारेमा जानकारी राख्ने सवैलाई सहयोग पुऱ्याउने विश्वास लिइएको छ ।

यस सिद्धान्त अनुसार सप्तरी जिल्लाको उक्त परीक्षामा दलित एवं गैर दलित विद्यार्थीको सिकाई उपलब्धिको तुलनात्मक विश्लेषण गरिएको छ । यसर्थ कसरी आर्थिक असमानताका कारण दलित गैरदलित विद्यार्थीको सिकाई उपलब्धिमा प्रभाव पर्दछ भन्ने पक्षहरुको बारेमा पनि चर्चा एवं विश्लेषण गरिएको छ ।

आपसी खिचातानीबाट प्राप्त भएको विभेदीकरणमा परिवर्तन ल्याउन साथ सामाजिक विभेदीकरणमा पनि परिवर्तन आउँदछ (रेग्मी, २०६४ मा उद्धृत) । यस सिद्धान्तलाई सप्तरी जिल्लाको उक्त परीक्षामा दलित एवं गैर दलित विद्यार्थीहरुको सिकाई उपलब्धिको तुलनात्मक विश्लेषण गर्नमा उपयोग गरिएको छ ।

मधेशी दलितहरुको शैक्षिक अवस्थालाई सुधार गर्नका लागी फ्रेरेको सिद्धान्तले स्थानीय वातावरण अनुसार सिकाउन, सिकाइ सम्बन्धि समस्याहरुको सामाधानका उपायहरु प्रस्तुत गर्न यस अनुसन्धानको क्रममा सहयोग गरेकोले यस सिद्धान्तको उपयोग गरिएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

अध्ययन तथा अनुसन्धान एउटा महत्वपूर्ण एवम् जटिल वैज्ञानिक कार्य हो । नयाँ ज्ञानको खोजी गर्नु अनुसन्धानको उद्देश्य हो । यसले कुनै पनि विषयवस्तु वा समस्या, घटना, परिघटनाको बारेमा विस्तृत जानकारी दिई निष्कर्षमा पुग्न सहयोग गर्दछ । कुनै पनि विषयवस्तु वा समस्याका बारेमा अध्ययन गर्दा त्यससँग सम्बन्धित सम्पूर्ण जानकारीहरुलाई सहज र सरल तरीकाबाट सत्यतथ्य तथ्याङ्क प्राप्त गरी सोही आधारमा निष्कर्ष तथा सारांश निकाली उपलब्धिपूर्ण खोज अनुसन्धान बनाउनु आवश्यक हुन्छ । अनुसन्धान कार्यबाट अपेक्षित उद्देश्य पूरा गर्न निश्चित प्रक्रिया तथा तरीकाहरु अपनाइन्छ, जसलाई अध्ययन विधि भनिन्छ । निर्धारित विधि तथा प्रक्रिया एवम् तरीका विना सञ्चालन गरिएको अध्ययन अपूरो एवम् अपूर्ण अनुसन्धान हुने हुन्छ र त्यसबाट प्राप्त नतीजा पनि अर्थपूर्ण एवम् उद्देश्यमूलक नभई पूर्णतः गलत हुन जान्छ । तसर्थ अध्ययनका निम्ति विधि पूर्व निर्धारित गरिनु पर्दछ । यस अध्ययनलाई सम्पन्न गर्न आवश्यक पर्ने जानकारी एवम् तथ्याङ्क संकलन गर्न विभिन्न अध्ययन विधिहरुको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान समस्याको वस्तुगत विश्लेषणको लागि अपनाइएको विस्तृत कार्यविधिको रुपरेखा निर्धारण गर्नु नै अनुसन्धानको ढाँचा हो । कुनै पनि अध्ययन तथा अनुसन्धान कार्यका लागि हालसम्म प्रचलित पद्धतिहरुमा गुणात्मक र परिमाणात्मक विधिहरु पर्दछन् । त्यसकारण यस अनुसन्धानमा पूर्व निर्धारित उद्देश्यहरु प्राप्त गर्न गुणात्मक, परिमाणात्मक र मिश्रीत ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या

यस अध्ययनको लागि सप्तरी जिल्ला अन्तर्गतका सामुदायिक विद्यालयहरु र ती विद्यालयहरुसँग सम्बन्धित अभिभावकहरु, प्र.अ.हरु, शिक्षकहरु एवम् अध्ययनरत विद्यार्थीहरु यस अध्ययनको जनसंख्याको रुपमा रहेका छन् ।

यो अध्ययन गुणात्मक र संख्यात्मक विधिमा आधारित रहेर मधेशी दलित विद्यार्थीहरुको शैक्षिक अवस्था वा स्तरलाई उपयुक्त ढंगले व्याख्या गरिएको छ । साथै यिनीहरुको शैक्षिक अवस्थामा सुधार गर्ने कार्यक्रम बारे पनि स्पष्ट पार्न खोजीएको छ ।

## ३.३ नमुना छनोट प्रक्रिया

अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान कार्यका लागि अवलोकन तथा विश्लेषण गरी छनोट गरिएको जनसंख्याको सानो अनुपातलाई नमुना भनिन्छ र यसको छनोटलाई नै नमुना छनोट प्रक्रिया भनिन्छ ।अध्ययन तथा अनुसन्धानको लागि आवश्यक पर्ने सूचनाहरु सम्पूर्ण जनसंख्याबाट लिनुपर्ने हुन्छ । सम्पूर्ण जनसंख्याको सूचना संकलन गर्न स्रोत साधन, समय र क्षमता आदिको दृष्टिकोणले सम्भव हुँदैन । जनसंख्याभित्र पनि विभिन्न विशेषता भएका समूहहरु रहेका हुन्छन् । त्यस्ता समूहलाई प्रतिनिधित्व गरी सम्पूर्ण जनसंख्याबाट सानो संख्या निर्धारण गरी सूचनाको संकलन गर्नुपर्छ । जसलाई नमुना छनोट प्रक्रिया भनिन्छ ।

यस अध्ययनमा नमुना छनौटका लागि सप्तरी जिल्लाको ११४ ओटा गा.वि.स. मध्ये मधेशी दलितहरुको बाहुल्यता रहेका ४ ओटा गा.वि.स.सितापुर, जन्डौल, तैरहोता  र नकटिरायपुर गा.वि.स. नमुनाको आधारमा छनौट गरिएको छ । यी.गा.वि.स. हरुबाट विद्यालय र विद्यार्थीहरु, उत्तरदाता अभिभावकहरु, शिक्षकहरुको छनौट, कक्षा अवलोकन र प्राप्ताङ्क संकलन फारमद्वारा बार्षिक परीक्षाको प्राप्ताङ्क निम्न किसिमबाट गरिएको छ ।

उपरोक्त नमुना छनोटलाई निम्न अनुसारको नमुना छनोट तालिकामा प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं. १**

**नमुना छनोटको तालिका**

| क्र.सं. | विवरण | जम्मा जनसंख्या | नमुना जनसंख्या | छनोट विधि |
|---|---|---|---|---|
| १. | विद्यालय | ११ | ४ | सम्भावनायुक्त |
| २. | प्र.अ. | ४ | ४ | उद्देश्यमूलक |
| ३. | शिक्षक | ७२ | २४ | सम्भावनायुक्त |
| ४. | विद्यार्थी | ४०६१ | ४० | सम्भावनायुक्त |
| ५. | अभिभावक | २८४५ | ४० | उद्देश्यमूलक |

### ३.३.१ विद्यालयको छनोट

मधेशी दलित विद्यार्थिहरुको शैक्षिक तथ्याङ्क संकलन गर्नको लागि प्रत्येक ४ ओटा गा.वि.स. बाट १/१ ओटा विद्यालयहरु संभावनायुक्त नमुना छनौट विधिबाट गरिएको छ । जसमा १/१ ओटा

मा.वि. गरी कुल ४ ओटा सरकारी विद्यालयहरुको छनौट संभावनायुक्त नमुना छनौट विधि द्वारा नमुना छनौट गरिएको छ ।

### ३.३.२ शिक्षकको छनोट

छनौट गरिएका प्रत्येक विद्यालयबाट दुई-दुई जना पर्ने गरी ४ x ६ = २४ जना शिक्षकलाई अन्तर्वाताका लागि संभावनायुक्त नमुना छनौट विधिबाट गरिएको छ ।

### ३.३.३ प्र.अ. को छनोट

छनोटमा पर्ने प्रत्येक विद्यालयका प्र.अ. गरी ४×१= जम्मा ४ जना प्र.अ.हरुलाई उद्देश्यमूलक नमुनाका रुपमा छनोट गरिएको छ ।

### ३.३.४ विद्यार्थीको छनोट

उक्त गा.वि.स. हरुका विद्यालयमा अध्ययनरत प्रत्येक तहका विद्यालयबाट १० जना पर्ने गरी ४ x १० = ४० मधेशी दलित विद्यार्थीहरुलाई संभावनायुक्त नमुना छनौट विधि द्वारा नमुना छनौट छनोट गरिएको छ ।

### ३.३.५ अभिभावकहरुको छनौट

यस अनुसन्धानकर्तालाई आवश्यक सूचना संकलन गर्नका लागि नमुना छनौटमा परेका विद्यार्थी प्रत्येक विद्यालयका विद्यार्थीका ४० x १ = ४० जना अभिभावकहरुलाई उद्देश्यमूलक नमुना विधिद्वारा छनौट गरिएको छ । उत्तरदाताको रुपमा अन्तर्वाता लिइनेछ। घरमूलीको रुपमा यस अध्ययनमा अनुसन्धानकर्ताको प्रश्नको जवाफ दिन सक्ने पुरुषलाई लिइएको छ। पुरुष नभएका केही घरमा महिलासँग पनि अन्तर्वाता लिइएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

तथ्याङ्कहरु जहाँबाट प्राप्त गर्न सकिन्छ, त्यस क्षेत्रलाई तथ्याङ्कको स्रोत मानिन्छ। अनुसन्धानको प्रकृतिअनुसार तथ्याङ्क प्राप्त हुने स्रोतहरु फरक-फरक हुन सक्छन्। यस अनुसन्धानका लागि निम्न अनुसार २ प्रकारका स्रोतहरु प्राथमिक र सहायक उपयोग गरिएको छ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताद्वारा पहिलो पटक संकलन र प्रयोग गरिएका तथ्याङ्कहरुलाई प्राथमिक स्रोत भनिन्छ। प्रथम पटक नै अनुसन्धानकर्ताले संकलन गर्ने भएकोले तिनीहरुको ब्याख्या विश्लेषण गर्ने अधिकार पनि अनुसन्धानकर्ताकै रहने गर्दछ। यस विधिमा अनुसन्धानकर्ताद्वारा अन्तर्वार्ता, प्रश्नावली तथा अवलोकन आदिको माध्यमबाट तथ्याङ्क संकलन गरिन्छ। प्राथमिक तथ्याङ्कका लागि नमुना छनोटमा परेका विद्यालयहरुका प्र.अ., शिक्षक, एवम् विद्यार्थीहरुसँग प्रत्यक्ष सम्पर्क राखी कक्षाकोठा व्यवस्थापनको वर्तमान अवस्था, समस्या र समाधानका उपायहरुका बारेमा प्रश्नावली गर्न लगाउनुका साथै विद्यार्थीहरुसँग अन्तर्वार्ता पनि लिइएको छ।

कुनै पनि अध्ययन कार्यमा प्राथमिक स्रोतका तथ्याङ्कहरु बढी भरपर्दो र विश्वसनीय हुने हुँदा यस अध्ययनमा पनि प्राथमिक स्रोतका तथ्याङ्क संकलनमा बढी जोड दिइएको छ। यस अध्ययनमा मधेशी दलित केटाकेटी र उनीहरुका अभिभावक र शिक्षकहरुसँग गरिएको अन्तर्वार्ता र प्राप्ताङ्क संकलन फारमबाट आउने सूचनाहरुलाई प्राथमिक सूचना मानिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

अनुसन्धानकर्ता आफैले संकलन नगरी अरुद्वारा संकलित प्रकाशित तथा अप्रकाशित जर्नल, रिपोर्ट, पत्रपत्रिका, चिठ्ठी पत्र तथा विभिन्न कार्यालयद्वारा प्रकाशित लेख तथा अभिलेख आदिको राम्रो अध्ययन गरी त्यसबाट आफूलाई चाहिने आवश्यक तथ्याङ्क तथा जानकारी द्वितीय स्रोतका रुपमा उपयोग गरिएको छ। जसको क्रममा व्यक्तिगत दस्तावेज (जीवनगाथा, डायरी, चिठ्ठीपत्र, स्मरण), विद्यालयको अभिलेख, स्रोतकेन्द्र अन्तर्गत रहेका

अभिलेखहरु तथा सार्वजनिक दस्तावेज शोध ग्रन्थहरु आदि पनि द्वितीय स्रोतको रुपमा उपयोग गरिएको छ। यस अध्ययनका क्रममा द्वितीय स्रोतले वैधता र विश्वसनीयता बढाउन सघाउँछ।

कक्षाकोठा व्यवस्थापनसँग सम्बन्धित विभिन्न पुस्तक, प्रकाशित तथा अप्रकाशित प्रतिवेदन, जर्नल आदिलाई द्वितीय स्रोतका रुपमा लिइएको छ ।

यस अध्ययनमा तथ्याङ्कको सहायक स्रोतको रुपमा विद्यार्थीहरुको शैक्षिक तथ्याङ्क प्रकाशित पुस्तक , पत्र-पत्रिका , विद्यालयको उपस्थिति प्रतिशत र यस जिल्लाको जिल्ला शिक्षा कार्यालयको स्रोतहरु संकलन गरेर प्रयोग गरेको छ ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरु

यस अध्ययनका लागि सर्वेक्षण गर्ने क्रममा अध्ययनका साधनहरुका रुपमा अन्तर्वार्ता, प्रश्नावली र अवलोकनका माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । साथै अध्ययनलाई विश्वासिलो बनाउन अध्ययनकर्ताले नमुना छनोटमा परेका विद्यालयमा गई तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता

गुणात्मक अनुसन्धानको महत्वपूर्ण साधन अन्तर्वार्ता हो । अन्तर्वार्ताले कुनै विशिष्ट विषयमा एक वा एक भन्दा बढी व्यक्तिहरु बीच छलफल गरी विचारहरुको संकलन गर्ने कार्य गर्दछ । अन्तर्वार्ताले किन ? कहाँ ? कसरी ? कस्तो ? जस्ता प्रश्नहरुको गहिराईमा पुगी खोजी गर्दछ । यसले अध्ययनको उद्देश्य पूरा गर्नका लागि संरचित अन्तर्वार्तालाई आधार बनाइएको छ । वर्तमान अवस्थामा तालिम प्राप्त शिक्षकहरुको कक्षाकोठा व्यवस्थापनको अवस्था अध्ययनको लागि नमुना छनोटमा परेका विद्यार्थीहरुसँग अन्तर्वार्ताका लागि अनुसूची ३ बमोजिमको प्रश्नावली प्रयोग गरिएको छ ।

### ३.५.२ प्रश्नावली

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा प्राथमिक तथ्याङ्क संकलन गर्ने विधिहरुमध्ये प्रश्नावली एक प्रमुख विधि हो । प्रश्नावली त्यस्तो साधन हो जसमा क्रमिक रुपमा प्रश्नहरु राखिएका हुन्छन् । यी प्रश्नहरु उत्तरदाताले आफैं भरी उत्तरहरु प्राप्त गर्छन् । यस अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्कहरु संकलनका लागि प्रश्नावली बनाइएको छ । नमुना छनोटमा परेका अभिभावकहरु, प्र.अ. र शिक्षकहरुसँग कमशः अनुसूची ५ र ४ बमोजिमका छुट्टाछुट्टै प्रश्नावलीहरु भराई आवश्यक पर्ने जानकारी लिइएको छ ।

उत्तरदातासँग प्रश्न सोध्नु अगावै निश्चित विषयमा आधारित रहेर अन्तर्वार्ताका लागि निर्माण गरिएका प्रश्नहरुलाई यहाँ अन्तर्वाता प्रश्नावली भनिएको छ । यो प्रश्नावली यस अध्ययन कार्यमा मधेशी दलित विद्यार्थी, मधेशी दलित अभिभावक र शिक्षकहरुको लागि प्रयोग गरिएको छ । यस अन्तर्वाता प्रश्नावली मार्फत मधेशी दलित अभिभावक केटाकेटी र शिक्षकहरुसँग छुट्टाछुट्टै रुपमा तथ्याङ्क संकलन गरिएको छ । मधेशी दलित विद्यार्थीहरुसँग शिक्षा र विद्यालयप्रतिको धारणा, रुचि, विद्यालयको सुगमता, विद्यालयमा शिक्षक र गैरदलित विद्यार्थीहरुले उनीहरु प्रति गर्ने व्यवहार, शिक्षकले विद्यार्थीलाई गर्ने उपचार , मधेशी दलित विद्यार्थीहरुमा हुने हिनताबोध, मधेशी दलित विद्यार्थीहरुको कक्षामा बसाई, घरमा गर्नु पर्ने काम, आमाबाबुको उनीहरुप्रतिको भेदभाव, घरमा पढ्ने समय र पढ्ने वातावरण आदि बारे प्रश्न सोधिएको छ ।

शिक्षकहरुसँग मधेशी दलित केटाकेटीहरुको शैक्षिक अवस्था, विद्यालयले उनीहरुका लागि गरेको शैक्षिक व्यवस्था, छात्रवृत्ति, उनीहरुको शिक्षामा बाधक बनेका तत्वहरु मधेशी दलित विद्यार्थीहरुलाई हेर्ने दृष्तिकोण आदि बारेमा प्रश्न सोधिएको छ । मधेशी दलित अभिभावकसँग उनीहरुको पेसा, आर्थिक अवस्था, शैक्षिक अवस्था, वार्षिक आम्दानी, परिवारको आकार, समाजमा उनीहरुको स्थान, शिक्षा र विद्यालयप्रतिको धारणा, खाद्यान्नको अवस्था र भु-स्वामित्वता आदि बारे प्रश्न सोधिएको छ । (अनुसूची ५)

### ३.५.३ अवलोकन

अनुसन्धाकर्ता स्वयम् अनुसन्धानका लागि छनोट गरिएको स्थलमा प्रत्यक्ष उपस्थित भएर वस्तुस्थितिको सूक्ष्म जाँच गरी तथ्याङ्क संकलन गर्ने विधि हो । यस विधिमा अनुसन्धानकर्ता आफैले प्रत्यक्षरुपमा अवलोकन गरी तथ्याङ्क संकलन गर्ने भएकोले नतिजा भरपर्दो, विश्वसनीय र वैध हुन्छ । यसले अनुसन्धानकर्तालाई अनुसन्धानको निष्कर्षमा पुग्न सहयोग पुऱ्याउँदछ ।

मधेशी दलितहरुको शैक्षिक उपलब्धिको स्तरमा के कस्ता पक्षले प्रभावपारेका छन् भन्ने सन्दर्भमा विद्यालयहरुको अवलोकन गरिएको छ, जसमा विद्यालयको शिक्षण-सिकाइ क्रियाकलाप र विधि , शिक्षकले दलित विद्यार्थी र गैर-दलित विद्यार्थीबीच गर्ने व्यवहार र दृष्टिकोण ,दलित विद्यार्थीहरुको कक्षाकोठाको बसाइ र सहभागिता , दलित विद्यार्थीहरुमा हुने हिनताबोध र घरको अवलोकनमा

दलितहरुको पारिवारिक, शैक्षिक र आर्थिक अवस्था , विद्यार्थीले खेल्ने समय र पढ्ने समय , आमाबाबुको शैक्षिक दृष्टिकोण र घरको वातावरणको
अवलोकन गरिएको छ ।

### ३.५.४ प्राप्ताङ्क संकलन फारम

मधेशी दलित विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क संकलन गर्नको लागि प्रयोग गरिने फारमलाई यहाँ प्राप्ताङ्क संकलन फारम भनिएको छ । यस अध्ययनमा सबै प्रकारको फारम दलित तथा गैर-दलित विद्यार्थीहरुले अघिल्लो वर्षमा प्राप्त गरेको प्राप्ताङ्क, कक्षामा तिनीहरुको स्थान तथा प्राप्ताङ्क संकलन फारमद्वारा ५ ओटा विषय (अंग्रेजी, नेपाली, गणित, सामाजिक र विज्ञान ) को विषयको परीक्षाको प्राप्ताङ्क, लिइनेछ  र उक्त प्राप्ताङ्कको औसतबाट नै मानांक निर्धारण गरिएको छ ।

### ३.५.५ विद्यालयमा उपस्थिति-विवरण फारम

विद्यालय जाने मधेशी दलित विद्यार्थीहरुको वास्तविक तथ्याङ्क थाहा पाउन तथा विद्यालयमा नियमित पठन-पाठन गरिरहेका विद्यार्थीहरुको संख्या थाहा पाउन विद्यालयउपस्थिति फारमद्वारा पत्ता लगाइएको छ ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययन अनुसन्धानका लागि समस्या छनोट गरी प्रस्तावना पास गराई सकेपछि शोध निर्देशकको प्रत्यक्ष निर्देशनमा सूचना संकलनका साधनहरु छनोट गरी जनसंख्याको नमुना समेत छनोट गरी नमुना छनोटमा परेका सप्तरी जिल्लाका विद्यालयहरु क्षेत्र अन्तर्गतका विद्यालयहरुमा स्वयं आफै उपस्थित भई प्राथमिक स्रोतको रुपमा विद्यालयको नमुना छनोटमा परेका विद्यार्थीहरुसँग अन्तर्वार्ता, प्र.अ., शिक्षकहरुसँग प्रश्नावली तथा अवलोकन फाराम प्रयोग गरी विद्यालयको आवश्यक विभिन्न पक्षहरुको अवलोकन गरी प्राप्त भएका सूचनाहरुलाई क्षेत्रमै टिपोट गरी सूचना संकलन गरिएको छ । साथै प्राप्त भएका सूचनाहरुको गोपनीयता पनि कायम गरिएको छ ।

## ३.७ तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण प्रक्रिया

अध्ययन अनुसन्धानको गहन एवम् महत्वपूर्ण अङ्गको रुपमा तथ्याङ्क विश्लेषणलाई लिइन्छ। प्राथमिक एवम् द्धितीय स्रोतबाट प्राप्त हुन आएका तथ्याङ्कलाई क्रमबद्ध रुपमा राखी विश्लेषण गर्ने कार्यलाई अध्ययन अनुसन्धानको मुटुको रुपमा लिइएको छ। सप्तरी जिल्लाका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थीहरुसँग अन्तर्वार्ता, प्रश्नावली, कक्षाकोठाको अवस्था अवलोकन फाराममबाट प्राप्त सूचनालाई तालिकीकरण गरी चरणवद्ध रुपमा व्याख्या विश्लेषण र प्रस्तुतीकरण गरिएको छ। साथै तथ्याङ्कलाई उपयुक्त शीर्षक एवम् उपशीर्षक अन्तर्गत राखी तिनको व्याख्या विश्लेषण गरिएको छ। तथ्याङ्कको व्याख्या एवम् विश्लेषणको लागि वर्णात्मक, विवरणात्मक तथा तथ्याङ्कशास्त्रीय पद्धतिको प्रयोग गरी अध्ययनको निष्कर्ष निकालिएको छ।

# परिच्छेद चार : नतीजाको छलफल

अध्ययन अनुसन्धानको क्रममा मुख्य शोध प्रश्न र उद्देश्यका आधारमा प्राप्त भएको तथ्याङ्क र सूचनाहरुलाई सिलसिलावद्ध रुपमा प्रस्तुतीकरण र छलफल गरिएको छ। यस परिच्छेदमा खास गरी नमुना तथ्याङ्क दाताका रुपमा रहेका शिक्षक, प्र.अ., विद्यार्थी, र विद्यालयको अवलोकनबाट प्राप्त सूचनालाई सिलसिलावद्ध प्रस्तुतीकरण र विश्लेषण गरिएको छ।

सामान्यतया नेपालमा दलित वर्गको शैक्षिक स्थिति कमजोर रहेको विभिन्न अध्ययनहरुले देखाएको पाइन्छ। कमजोर आर्थिक र जनचेतनाको कमीले गर्दा विद्यालय जाने मधेशी दलित बालबालिकाहरुको संख्या ज्यादै कम पाइन्छ। त्यसैले दलितहरुको विद्यालय तहको शैक्षिक अवस्था के- कस्तो रहेको छ, के-कति कारणले उनीहरुको शैक्षिक उपलब्धिको स्तर कस्तो छ र के-के पक्षहरुले प्रभाव पारेको छ भनी अध्ययन गर्नको लागि सप्तरी जिल्लाको सितापुर, जनडोल, तेरहोता, नकटीरायपुर गा.वि.स. का प्रत्येक गा.वि.स.बाट १/१ विद्यालय गरी कुल ४ ओटा सरकारी विद्यालयका मधेशी दलित बालबालिकाहरु, मधेशी दलित बालबालिका अभिभावकहरु र शिक्षकहरुलाई नमुनाको रुपमा लिई त्यहाँबाट संकलन गरिएका तथ्याङ्कलाई विश्लेषण तथा व्याख्या गर्ने प्रयास गरिएको छ।

## ४.१ विद्यालयहरुमा मधेशी दलितहरुको शैक्षिक पहुँच

सितापुर गा.वि.स. का कुल विद्यालयहरुमध्ये यस अध्ययनमा परेका एउटा माध्यमिक विद्यालयबाट मधेशी दलित बालबालिकाहरुको शैक्षिक पहुँचको स्तर बोध गराउने तथ्याङ्कहरु संकलन गरिएको छ। त्यस्तै जनडोल गा.वि.स.का कुल विद्यालय मध्ये १ ओटा विद्यालय नमुनामा छनौट गरिएको छ। त्यस्तै तेरहोता र नकटीरायपुर गा.वि.स.का कुल विद्यालयहरु मध्येबाट पनि १/१ ओटा विद्यालयहरु नमुनामा छनौट गरिएको छ।

### ४.१.१. प्राथमिक तहका मधेशी दलितहरुको संख्यात्मक स्थिति विवरण

प्राथमिक तहको कक्षा १ देखि ५ सम्म शैक्षिक सत्र २०७०/०७१ मा नमुना छनौटमा रहेका ४ वटा विद्यालयहरुमा अध्ययनरत्त विद्याथीहरु निम्नानुसार रहेको पाइयो।

**तालिका नं. २**

| क.स. | विद्यालयको नाम | कक्षा | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | |
| १ | श्री लु.ल.स.ज.उ.मा.वि. तेरहौता | १४ | २५ | २३ | २५ | २३ | ११० |
| २ | श्री.सु.दे.फु.ज.मा.वि. सितापुर | १० | ६ | ४ | ७ | ७ | ३४ |
| ३ | श्री ज.चे.उ.मा.वि. घोंघिदाहा | ४ | ७ | ५ | ८ | ६ | ३० |
| ४ | श्री क.न.उ.मा.वि.नकटिरायपुर | ६ | ४ | ७ | ५ | ६ | २८ |

स्रोतः स्थगत सर्बेक्षण, २०७१

यस अध्ययनबाट ४ वटा प्राथमिक स्तरका कक्षागत दलित विद्यार्थीहरुका भर्ना संख्या हेर्दा सबभन्दा बढी दलित विद्यार्थीहरु श्री लु.ल.स.ज.उ.मा.वि. तेरहौतामा रहेको पाइयो र सबभन्दा कम दलित विद्यार्थी श्री क.न.उ.मा.वि. नकटिरायपुरमा रहेको देखिन्छ ।

### ४.१.२. मा.वि.र नि.मा.वि. तहका मधेशी दलितहरुको संख्यात्मक स्थिति विवरण

नि.मा.वि. र मा.वि. तहमा अध्ययनरत्त शैक्षिक सत्र २०७०/०७१ का दलित विद्यार्थीहरुको तथ्याङ्क निम्नानुसार रहेको पाइयो ।

**तालिका नं. ३**

| क.स. | विद्यालयको नाम | कक्षा | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ६ | ७ | ८ | ९ | १० | |
| १ | श्री लु.ल.स.ज.उ.मा.वि. तेरहौता | १५ | १० | १४ | १७ | २४ | ५६ |
| २ | श्री.सु.दे.फु.ज.मा.वि. सितापुर | ४ | ६ | ९ | १० | ७ | ३६ |
| ३ | श्री ज.चे.उ.मा.वि. घोंघिदाहा | ६ | ८ | १० | ८ | ६ | ३८ |
| ४ | श्री क.न.उ.मा.वि.नकटिरायपुर | ५ | ६ | ६ | ४ | ४ | २५ |

स्रोतः स्थगत सर्बेक्षण, २०७१

यस अध्ययनबाट अध्ययन छनौट का ४ वटा नि.मा.वि./मा.वि.हरुका दलित विद्यार्थीहरु भर्नाको दृष्टिकोणले श्री लु.ल.स.ज.उ.मा.वि. तेरहौतामा सबभन्दा उच्च रहेको देखिन्छ भने सबभन्दा कम श्री क.न.उ.मा.वि. नकटिरायपुरमा रहेको छ । गैर दलितको तुल्नामा दलित विद्यार्थीहरु अत्यन्तै कम रहेको देखिन्छ ।

### ४.१.३. प्राथमिक तहमा मधेशी दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण

प्राथमिक तहको कक्षा १ देखी ३ सम्म ६०० पूर्णाङ्क र कक्षा ४ देखी ५ सम्म ७०० पूर्णाङ्क रहेअनुसार कक्षा १ देखी ४ सम्मका विद्यार्थीहरुलाई अन्तिम परीक्षामा कुनै एउटा विषय लागे तापनि कक्षा नचढाउने तर कक्षा ५ को अन्तिम परीक्षामा भने कुनै एउटा विषयमा अनुत्तीर्ण भए तापनि स्वतः कक्षा चढाइनु प्रवृत्ति रहेको पाइयो । साना कक्षाहरुमा कक्षा दोहऱ्याउने र कक्षा छाड्ने प्रवृतिलाई निरुत्साहित गर्न स्वत कक्षा चढ्ने नियम लागु गर्नु पर्ने ठाउँमा प्राथमिक विद्यालयमा ठीक उल्टो नियम रहेको पाइयो ।

**तालिका नं. ४**

**प्राथमिक तहमा मधेशी दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण**


| विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क% |
| श्री सु.दे.फू.ज.मा.वि.सीतापुर भुरकी | ५०.५ | ४५.५ | ५५.६६ | ४६.७१ | ४९.५ |
| श्री ज.चे. उ.मा.वि.घोंघिदाहा | ३५.५ | ४४.६६ | ४६.३३ | ३७.१७ | ४४.७ |
| श्री लु.ल.स.ज.उ.मा.वि.तेरहौता | ४८.३३ | ४३.८३ | ४९.५ | ५३.८२ | ६८ |
| श्री क.न.उ.मा.वि. नकटीरायपुर | ५१.११ | ४८.७८ | ४७.८७ | ३५.३४ | ४६.६५ |
| औसत प्राप्ताङ्क प्रतिशत | ४६.३६ | ४५.६९ | ४९.८४ | ४३.२६ | ५२.२१ |

स्रोतः-स्थलगत सर्वेक्षण,२०७१

यस अध्ययनबाट ४ वाट प्राथमिक विद्यालयको कक्षागत प्राप्ताङ्क हेर्दा श्री सु.दे फू ज. मा. बि. सीतापुर भुरकीको सवभन्दा वढी प्राप्ताङ्क कक्षा ३ को ५५.६६ प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क कक्षा२ को ४५.५ प्रतिशत रहेको छ। त्यस्तै श्री जनचेतना उच्च मा.बि. घोंघिदाहाको सवभन्दा वढी प्राप्ताङ्क कक्षा ३ को ४६.३३ प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क कक्षा १ को ३५.५ प्रतिशत रहेको छ । श्री लु.ल.स.उच्च. मा.बि. तेरहोताको सवभन्दा वढी प्राप्ताङ्क कक्षा ५ को ६८ प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क कक्षा २ को ४३.८३ प्रतिशत रहेको छ र श्री क.न.उच्च.मा.बि. नकटीरायपुरको सवभन्दा वढी प्राप्ताङ्क कक्षा १ को ५१.११ प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क कक्षा ४ को ३५.३४ प्रतिशत रहेको छ । जसको औसत प्राप्ताङ्क कक्षा १ को ४६.३६ कक्षा २ को ४५.६९ कक्षा ३ को ४९.८४ कक्षा ४ को ४३.२६ कक्षा ५ को ५२.२१ प्रतिशत रहेको छ ।

**माथिको तालिका नं. ४ लाई निम्नानुसार ग्राफ चार्टमा देखाईएको छ।**

**चित्र नं. १**




## ४.१.४. प्राथमिक तहमा  मधेशी दलित तथा गैर-दलित विद्यार्थीहरुले प्राप्त गरेको औसत प्राप्ताङ्क विवरण

कुनै एउटा विषय लागे तापनि कक्षा चढाउने प्रवृत्तिले गर्दा कक्षा ५ को उपलब्धि सामान्यतया मध्यम खालको मान्न सकिन्छ। त्यसरी नै कक्षा ४ को औसत उपलब्धि कमजोर रहेको देखिन्छ। त्यस्तै कक्षा १, २ र ३ को उपलब्धि पनि मध्यम खालको रहेको देखिएको छ। नमुनामा परेको कुनै पनि विद्यालयका कुनै कक्षाका मधेशी दलित विद्यार्थीहरुले पनि प्रथम श्रेणी प्राप्त गर्न सकेका छैनन्। कक्षामा एक दुई जना मधेशी दलित विद्यार्थीको उपलब्धि उच्च रहे तापनि अन्य धेरैको भने कम रहेको पाइएको छ। कक्षा ५ बाट अत्तीर्ण हुने मधेशी दलित विद्यार्थीमा धेरैलाई विषय लागेको अध्ययनका क्रममा देखिएको छ। समग्रमा भन्नु पर्दा मधेशी दलित विद्यार्थीहरुको प्राथमिक तहको शैक्षिक उपलब्धि न्युन रहेको पाइयो। प्रा.वि. तहमा दलित तथा गैर-दलित मधेशी विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई निम्नानुसार देखाइएको छ :

**तालिका नं. ५**

**प्राथमिक तहमा मधेशी दलित तथा गैर-दलित विद्यार्थीहरुले**

**प्राप्त गरेको औसत प्राप्ताङ्क विवरण**


| कक्षा | दलित विद्यार्थीहरको प्राप्ताङ्क % | गैर-दलित विद्याथीहरुको प्राप्ताङ्क |
|---|---|---|
| १ | ४६.३३ | ५२.७६ |
| २ | ४५.६९ | ५०.९७ |
| ३ | ४९.८४ | ५९.१८ |
| ४ | ४३.२६ | ५८ |
| ५ | ५२.१८ | ६५.९० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार हेर्दा ४ ओटा प्राथमिक विद्यालयको मधेशी दलित तथा गैर-दलित विद्यार्थीहरुले प्राप्त गरेको औसत प्राप्ताङ्कलाई कक्षागत रुपमा माथिको तालिकामा देखाइएको छ। मधेशी दलित विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क कक्षा १ देखी ५ सम्म क्रमशः ४६.३६, ४५.६९, ४९.८४, ४३.२६ र ५२.१८ प्रतिशत देखाइएको छ भने गैर-दलित तर्फ कक्षा १ देखी५ सम्म क्रमशः ५२.७६, ५०.९७, ५९.१८, ५८ र ६५.९० देखाइएको छ। तुलनात्मक रुपले हेर्दा मधेशी दलित विद्यार्थीहरु भन्दा गैर-दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क बढी देखिन्छ।

**माथिको तालिका नं. ५ लाई निम्नानुसार पाई चार्टमा देखाईएको छ।**

**चित्र नं. २**



### ४.१.५. नि.मा.वि. र मा.वि. तहमा मधेशी दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण

नि.मा.वि.र मा.वि तहका दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धी पत्ता लगाउने सन्दर्भमा नमुनामा परेका सबै मा.वि हरुमा कक्षा ६ देखि १० सम्म पढाइ हुने मा.वि.हरु परेकाले उपलब्धि अकलाई एउटै तालिकामा देखाइएको छ। कक्षा ६ देखि ८ सम्मको नि.मा.वि तहको पाठ्यक्रम ७०० पूर्णाङ्कको रहेको र मा.वि. तहमा ८०० पूर्णाङ्कको पाठ्यक्रम रहेअनुसार कक्षा ८ मा जिल्ला स्तरीय परीक्षा हुने र कक्षा १० मा एस्.एल्.सी. बोर्ड परीक्षा हुने भएकोले अरु कक्षाका परीक्षा र बोर्ड परीक्षाको उपलब्धिबीच भिन्नता रहेको पाइएको छ।

**तालिका नं. ६**

**नि.मा.वि. र मा.वि. तहका मधेशी दलित विद्यार्थीहरुले प्राप्त गरेको कक्षागत प्राप्ताङ्क**

| विद्यालयको नाम | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|---|---|
| | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क% |
| श्री सु.दे.फू.ज.मा.वि.सीतापुर भुरकी | ७५ | ३३.३ | ८० | ३३.३ | २५ |
| श्री ज.चे. उ.मा.वि.घोंघिदाहा | ६० | ५० | २५ | ४० | २० |
| श्री लु.ल.स.ज.उ.मा.वि.तेरहौता | ३३.३३ | ७१.४२ | ४० | २५ | १६.६ |
| श्री क.न.उ.मा.वि. नकटीरायपुर | ४० | ५० | १० | ३३.३ | ० |
| औसत प्राप्ताङ्क प्रतिशत | ५२.०८ | ५१.१८ | ३८.७५ | ३२.९ | १५.४१ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१।

यस अध्ययनबाट ४ ओटा विद्यालयको कक्षागत प्राप्ताङ्क हेर्दा श्री सु.दे फूज.मा.बि.सीतापुर भुरकीको सवभन्दा वढी प्राप्ताङ्क कक्षा ८ को ८० प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क कक्षा १० को २५ प्रतिशत रहेको छ। त्यस्तै श्री जनचेतना उच्च मा.बि.घोंघिदाहको सवभन्दा वढी प्राप्ताङ्क कक्षा ६ को ६० प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क कक्षा १० को २० प्रतिशत रहेको छ। श्री लु.ल.स.ज.उच्च मा.बि.तेरहोताको सवभन्दा वढी प्राप्ताङ्क कक्षा ७ को ७१.४२ प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क कक्षा १० को १६.६ प्रतिशत रहेको छ र श्री क.न.उच्च. मा.बि. नकटीरायपुरको सवभन्दा वढी प्राप्ताङ्क कक्षा ७ को ५० प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क कक्षा १० को ०प्रतिशत रहेको छ। जसको औसत प्राप्ताङ्क कक्षा ७ को ५२.०८ कक्षा ७ को  ५१.१८ कक्षा ८ को ३८.७५ कक्षा ९ को ३२.९ कक्षा १० को  १५.४१ प्रतिशत रहेको छ।

### ४.१.६. नि.मा.वि. र मा.वि. तहमा मधेशी दलित तथा गैर दलित विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क विवरण

**तालिका नं. ७**

**नि.मा.वि. र मा.वि. तहमा मधेशी दलित तथा**

**गैर दलित विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क विवरण**

| कक्षा | दलित विद्यार्थीहरुको औसत | गैर-दलित विद्यार्थीहरुको ओसत प्राप्ताङ्क प्रतिशत |
|---|---|---|
| ६ | ५२.०८ | ७२.७५ |
| ७ | ५१.१८ | ७० |
| ८ | ३८.७५ | ७२.५ |
| ९ | ३२.९ | ६२.५ |
| १० | १५.४१ | ५०.५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

यस अध्ययनबाट ४ ओटा नि.मा.वि. र मा.वि. तहका मधेशी दलित तथा गैर दलित विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई कक्षाका औसत प्राप्ताङ्कको रुपमा माथिको तालिकामा देखाइएको छ। उक्त अध्ययन क्षेत्रका सम्पूर्ण मा.वि. हरुमा कक्षा ६ देखि १० सम्म पठनपाठन हुने भएकोले नि.मा.वि. र मा.वि. तहको प्राप्ताङ्क एउटै तालिकामा देखाइएको छ। मधेशी दलित विद्यार्थीहरुको प्राप्त गरेको प्राप्ताङ्क कक्षा ६ देखि १० सम्म क्रमशः ५२.०८, ५१.१८, ३८.७५, ३२.९ र १५.४१ प्रतिशत देखिएको छ भने गैर-दलित विद्यार्थीहरु तर्फ कक्षा ६ देखि १० सम्म क्रमशः ७२.७५, ७०, ७२.५, ६२.५, र ५०.५ प्रतिशत देखिएको छ। यसरी तुलानात्मक रुपले मधेशी दलित र गैर-दलित विद्यार्थीहरुको प्राप्ताङ्क हेर्दा प्रत्येक कक्षामा मधेशी दलित विद्यार्थीहरु भन्दा गैर-दलित विद्यार्थीहरुको औसत प्राप्ताङ्क बढी देखिन्छ।

### ४.१.७. गैर-दलित र मधेशी दलित विद्यार्थीहरुले प्राप्त गरेको विषयगत उपलब्धि

यहाँ माध्यमिक विद्यालयका कक्षा १० का मधेशी दलित तथा गैर-दलित विद्याथीहरुले एस्.एल्.सी. परीक्षामा प्राप्त गरेको उपलब्धिलाई विषयगत रुपमा प्रस्तुत गरिएको छ। विद्यार्थी छनोट गर्दा सबभन्दा बढी अंक ल्याउने दुई ओटा माध्यमिक विद्यालयबाट एक/एक जना

विद्यार्थीलाई छनोट गरिएको छ । श्री क.न.उच्च.मा.बि.नकटीरायपुर प्राप्ताङ्क ० प्रतिशत भएकोले विषयगत उपलब्धि लिइएको छैन ।

**तालिका नं. ८**

**गैर-दलित र मधेशी दलित विद्यार्थीहरुले प्राप्त गरेको विषयगत उपलब्धि**

| विषय | मधेशी दलित विद्यार्थीको प्राप्ताङ्क | गैर-दलित विद्यार्थीको प्राप्ताङ्क | फरक प्राप्ताङ्क |
|---|---|---|---|
| गणित | ३४ | ७२ | ३८ |
| अंग्रेजी | ३३ | ६० | २७ |
| विज्ञान | ४४ | ७३ | २९ |
| नेपाली | ३६ | ६८ | ३२ |
| सामाजिक | ३५ | ५० | १५ |
| जम्मा | १८२ | ३२३ | १४१ |
| मध्यक प्राप्ताङ्क | ३६.४ | ६४.६ | २३.५ |

स्रोतः स्थलगत सर्बेक्षण, २०७१

यसबाट के देखिन्छ भने श्री सु.दे फू ज मा बि सीतापुर भुरकी कक्षा १० मा कुमारी ललिता राम ५ ओटा विषयको प्राप्ताङ्कमा सबैभन्दा राम्रो ४४ विज्ञानमा देखिन्छ । त्यसपछि क्रमशः नेपालीमा ३६, सामाजिकमा ३५, अंग्रेजीमा सबभन्दा कम ३३ र गणितमा ३४ देखाइएको छ । यी छात्रा अन्य विषयमा भन्दा गणित र अंग्रेजीमा विषयमा कमजोर देखिन्छिन् । त्यस्तै गैर-दलित तर्फ कक्षा १० को छात्रा भारती यादव ५ वटा विषयको प्राप्ताङ्क क्रमशः गणित ७२, अंग्रेजीमा ६०, विज्ञानमा ७३, नेपालीमा ६८ र सामाजिकमा ५० प्राप्ताङ्क देखियो । उक्त प्राप्ताङ्क मधेशी दलित विद्यार्थी कुमारी ललिता राम भन्दा सवै विषयमा बढी देखिन्छ । मधेशी दलित छात्रा कुमारी ललिता राम ५ ओटै विषयको औसत प्राप्ताङ्क ३६.४ देखिएको छ भने गैर- दलित छात्रा भारती यादव ५ ओटै विषयको औसत प्राप्ताङ्क ६४.६ देखिएको छ ।

**तालिका नं. ९**

| विषय | मधेशी दलित विद्यार्थीको प्राप्ताङ्क | गैर-दलित विद्यार्थीको प्राप्ताङ्क | फरक प्राप्ताङ्क |
|---|---|---|---|
| गणित | ३८ | ६२ | २४ |
| अंग्रेजी | ३२ | ५० | १८ |
| विज्ञान | ५१ | ८१ | ३० |
| नेपाली | ४९ | ५७ | ८ |
| सामाजिक | ४९ | ५८ | ९ |
| जम्मा | २१९ | ३०८ | ८९ |
| औसत प्राप्ताङ्क प्रतिशत | ४३.८ | ६१.६ | १७.८ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

यसबाट के देखिन्छ भने कक्षा १० का नरेशराम ५ ओटा विषयको प्राप्ताङ्कमा सबैभन्दा राम्रो ५१ विज्ञानमा देखिन्छ । त्यसपछि नेपालीमा र सामाजिकमा क्रमशः ४९ र ४९, अंग्रेजीमा ३८ र सबैभन्दा कम गणितमा ३२ रहेको छ । त्यसै गरी गैर-दलिततर्फ श्री जनचेतना उच्च मा.बि.घोंघिदाहा कक्षा १० का छात्र सन्तोष सिंहले प्राप्त गरेका विषयगत प्राप्ताङ्क क्रमशः अंग्रेजीमा ६२, गणितमा ५०, विज्ञानमा ८१, नेपालीमा ५७ र सामाजिकमा ५८ देखिएको छ । उक्त प्राप्ताङ्क मधेशी दलित विद्यार्थी नरेश राम भन्दा बढी देखिन्छ । मधेशी दलित विद्यार्थी नरेश राम ५ ओटै विषयको औसत प्राप्ताङ्क ४३.८ देखिएको छ भने गैर-दलित सन्तोष सिंह ५ ओटै विषयको औसत प्राप्ताङ्क ६१.६ देखिएको छ ।

### ४.१.८ मधेशी दलित विद्यार्थीहरुको कक्षामा स्थानक्रम

विद्यार्थीले परीक्षामा प्राप्त गरेको स्थानक्रमका आधारमा पनि उसको शैक्षिक स्थिति कुन स्थानमा छ भने पत्ता लगाउन सकिने हुँदा यहाँ नमुना विद्यालयका सबै मधेशी दलित विद्यार्थीहरुको विभिन्न क्रम समूहमा विभाजन गरी तालिकामा देखाइएको छ ।

**तालिका नं. १०**

**मधेशी दलित विद्यार्थीहरुको कक्षामा स्थानक्रम**

| क्र. सं. | स्थनक्रम | विद्यार्थी संख्या | | | | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | प्रतिशत | छात्रा | प्रतिशत | | |
| १. | १–५ | ६ | ३.१७ | ४ | २.४ | १० | २.८ |
| २. | ६–१० | १५ | ७.९३ | १३ | ७.७ | २८ | ७.८ |
| ३. | ११–१५ | ४१ | २१.७ | २९ | १७.३ | ७० | १९.६ |
| ४. | १६–२० | ५० | २६.४ | ५१ | ३०.३ | १०१ | २८.८ |
| ५. | २२–२५ | ३२ | १६.९ | २८ | १६.७ | ६० | १६.९ |
| ६. | २६ भन्दा माथि | ४५ | २३.८ | ४३ | २५.६ | ८८ | २४.४ |
| जम्मा | | १८९ | १०० | १६८ | १०० | ३५७ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकाबाट के प्रस्ट हुन्छ भने मधेशी दलित विद्यार्थीहरुले कक्षामा प्राप्त गर्ने स्थानक्रम अगाडि छैन । नमुनामा परेका ४ ओटा विद्यालयका कुल ३५७ मधेशी दलित विद्यार्थीहरुमध्ये २.८ प्रतिशतले मात्र प्रथम देखि पाँचौं स्थान हासिल गरेका छन् । त्यस्तै ७.८ प्रतिशतले छैटौंदेखि दसौं स्थान प्राप्त गरेका छन् । एघारौंदेखि माथिका स्थान हासिल गर्नेको संख्या अत्याधिक रहेको तालिकाबाट बढी रहेको छ र सोहीअनुसार स्थानक्रममा पनि अगाडि नै रहेको देखिन्छ । प्रथमदेखि पन्ध्रौं स्थानसम्म रहने विद्यार्थीहरुको संख्या तुलनात्मक रुपमा छात्राको भन्दा छात्रको बढी रहेका देखिन्छ । तर २१ औं स्थान भन्दा पछाडिका स्थानहरुमा भने छात्रछात्राको स्थानक्रममा ठुलो भिन्नता देखिन्छ । यी सम्पूर्ण आधारबाट हेर्दा मधेशी दलित विद्यार्थीहरु गैरदलित विद्यार्थीहरुसँग प्रतिस्पर्धा गर्न नसकेको र उपलब्धि-स्तरमा पछाडि परेको देखिन्छ ।

### ४.१.९ मधेशी दलित विद्यार्थीहरुको दैनिक विद्यालय उपस्थिति विवरण

विद्यार्थीको उपलब्धिमा प्रभाव पार्ने एउटा तत्वको रुपमा विद्यालय उपस्थितिलाई पनि लिन सकिन्छ । अनियमित रुपमा विद्यालय उपस्थिति हुने विद्यार्थीको भन्दा पनि नियमित रुपमा उपस्थित हुने विद्यार्थीको उपलब्धि पक्कै पनि धेरै हुन सक्छ । यस अध्ययनमा नमुनामा परेका १२ ओटा

विद्यालयमा गई विद्यार्थीहरुको वार्षिक हाजिरी संकलन गरिएको छ जसलाई औसतमा निकालेर निम्न रुपमा तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११**

**मधेशी दलित विद्यार्थीहरुको विद्यालय उपस्थिति**

| | विद्यालय खलेको दिन | पढाई भएको दिन | छात्र उपस्थिति | छात्रा उपस्थिति | जम्मा उपस्थिति |
|---|---|---|---|---|---|
| औसत | २४९ | २०७ | ७४.९% | ७०.९% | ७२.९% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकामा हेर्दा १ वर्ष भरिमा २४९ दिन विद्यालय खुलेको देखिन्छ । त्यसमा पनि जम्मा २०७ दिन मात्र पढाई भएको तथ्याङ्कमार्फत देखिएको छ । शिक्षा नियमावली २०५९ को परिच्छेद १५ को नियम ८४ उपनियम ५ मा उल्लेख गरेअनुसार वर्षभरिमा कम्तिमा पनि २२० दिन विद्यालय खोल्नु पर्ने भनी तोकिएको छ तर अध्ययन क्षेत्रका सबै विद्यालयहरु २२० दिनभन्दा बढी खुलेको देखियो । अध्ययन क्षेत्रका कुल ४ ओटा विद्यालयहरु खुल्ने दिन फरक फरक रहेको पाइयो र सोही अनुसार पढाई पनि कुनै विद्यालयका सबै भन्दा धेरै २१३ दिन भएको देखियो भने कुनै विद्यालयमा सबैभन्दा कम २०३ दिन मात्र भएको पाइयो । यसरी हेर्दा गा.वि.स. का विद्यालयहरु खुल्ने दिन पनि फरक फरक रहेको पाइयो । विद्यालयमा बढी दिन पढाई हुनाको कारण स्थानियहरुले बढी दिन बिदा नदिएर विद्यालय सञ्चालन गरेकोले हो । कुनै पनि विद्यालयमा मधेशी दलित विद्यार्थीहरुको उपस्थिति ८० प्रतिशतभन्दा माथि नाध्न नसकेको पाइयो । त्यसरी नै तिनीहरुको सबैभन्दा कम (६९.०%) श्री क.न.उच्च.मा.बि.नकटीरायपुरमा देखियो भने सबैभन्दा बढी (७७.०) श्री लु.ल.स.उच्च. मा.बि.तेरहोता देखियो । औसतमा मधेशी दलित विद्यार्थीहरुको विद्यालय उपस्थिति ७२.९ प्रतिशत देखिन आयो जसमा छात्रको उपस्थिति ७४.९ प्रतिशत रहेको छ भने छात्राको उपस्थिति ७०.९ प्रतिशत रहेको छ । यसरी हेर्दा छात्रको भन्दा छात्राको विद्यालय उपस्थिति तुलनात्मक रुपमा कम रहेको पाइयो । नमुनामा परेका कुल ४ ओटा विद्यालयहरु मध्ये कुनैमा पनि छात्र र छात्राको विद्यालय उपस्थितिमा समानता रहेको पाइँदैन । त्यसर्थ हामी के भन्न सक्दछौं भने दलित विद्यार्थीहरुको विद्यालय उपस्थिति कम त छँदैछ त्यसमाथि पनि छात्राहरुको उपस्थिति त झन् कम रहेको छ । मधेशी दलित विद्यार्थीहरुभन्दा गैर-दलित विद्यार्थीहरुको विद्यालय उपस्थिति ९०% निकै बढी रहेको छ ।

### ४.२. मधेशी दलित विद्यार्थीको विद्यालय नजानुको कारणहरु

जुनसुकै देशको शिक्षा प्रणालीमा पनि विद्यालय तहको शिक्षाले ज्यादै महत्वपूर्ण स्थान ओगट्न सफल भएको हुन्छ । विद्यालय-शिक्षालाई समग्र शिक्षाको आधार स्तम्भ मान्ने गरिन्छ । जग बलियो भयो भने घर बलियो हुन्छ भने झैं बालकको विद्यालय तहको शिक्षालाई सफलीभुत पार्न सकियो भने उच्च शिक्षाको लागि दह्रो आधार तयार हुन्छ । तर बालकको शिक्षा प्राप्ति सहजरुपमा हुन नसकी त्यसलाई विभिन्न तत्वहरुले प्रभाव पारिरहेका हुन्छन् । यस अध्ययनमा पनि मधेशी दलित बालबालिकाको शिक्षामा कस्तो तत्वहरुले प्रभाव पारिरहेका छन् भनी थाहा पाउनका लागि मधेशी दलित अभिभावक, बालबालिका र शिक्षकसँग अन्तर्वार्ता लिइएको छ, स्थलगत अध्ययनका क्रममा मधेशी दलित विद्यार्थीहरुको घरमा दुई दिन सम्म बसेर अध्ययन अनुसन्धान गरिएको छ । उक्त अन्तर्वार्ता तथा स्थलगत अध्ययनका आधारमा शैक्षिक उपलब्धिमा प्रभाव पार्ने निम्न तत्वहरुको पहिचान गरी बुदांगतरुपमा प्रस्तुत गरिएको छ ।

#### ४.२.१ गरिबी

गरिबीको कारणले विद्यालय पोसाक, भर्ना शुल्क, किताब, कापी र कलम किन्ने पैसाको अभाव र आवश्यक परेको समयमा रुपैयाँ-पैसा सापटी पाउन पनि गाह्रो परेको कुरा अन्तर्वार्ताका क्रममा पाइयो । धेरै विद्यार्थीहरु विद्यालय पोसाक नलगाएर विद्यालय आएको पनि देखियो । शिक्षाबाट तुरुन्त प्रतिफल नपाइने हँदा छिटै आर्थिक लाभ हुने कामतिर आकर्षित भई शिक्षाप्रति बेवास्ता गरेको र आर्थिक उपार्जन हुने काममा आफ्ना छोराछोरीहरुलाई लगाएको अवलोकनका क्रममा देखियो ।

केटाकेटीहरुले घरमा काम गर्नुपर्ने कारणले घेरै कम मात्रामा विद्यालयमा उपस्थिति हुन पुगेका छन् । उसमा पनि छोरीले घरको काम धन्दामा, सघाउनुपर्दछ भन्ने धारणा अभिभावकको रहेको छ । मधेशी दलित समाजमा पनि केटी भन्दा केटा नै धेरै स्वतन्त्र छ । अवलोकनका क्रममा मधेशी दलितहरुको घरमा जाँदा छोराहरु स्कूल गएको र छोरीहरु घरमा काम गरिराखेको पाइयो । जग्गा जमिन नभएका कारणले प्रत्येक दिन काम नगरि खान नपाउने हुँदा साना बालबालिकाहरुले परिवारका ठुला सदस्यहरुसँग काम गर्न गएको अवलोकनका क्रममा देखियो ।

मधेशी दलित समुदायमा जाँड-रक्सीको अत्यधिक प्रयोग, चाडपर्वमा बढी रमाइलो गर्ने चलनले गर्दा मोजमस्तीमा रमाई यथास्थितिमै खुसी हुने हुँदा बालबालिकामा पनि त्यस्तो प्रभाव परेको

अवलोकनका क्रममा देखियो । यसबाट के प्रस्ट हुन्छ भने साँस्कृतिक परम्पराले गर्दा पनि उनीहरुको शैक्षिक उपलब्धिमा ह्रास आएको पाइन्छ ।

छिटो विवाह गर्ने चलन, धेरै सन्तान जन्माउने प्रवृत्तिले गर्दा बालबालिकाको भविष्यप्रति अभिभावकले चिन्ता नलिएको, भगवानले दिन्छन् भगवानले पाल्न कर लाग्छ भन्ने रुढिवादी धारणा अन्तर्वार्ताका क्रममा बताए । मधेशी दलित बालबालिकाहरु अहिले चलिरहेको द्वन्द्वबाट प्रभावित भएको पाइयो जसबाट उनीहरुले विद्यालय छाडेर द्वन्द्वमा सहभागी भएको देखियो । विद्यालय अवलोकनका क्रममा विद्यालय-उपस्थिति अभिलेखमा मधेशी दलित विद्यार्थीहरुले ती विद्यार्थीहरु द्वन्द्वमा सहभागी भएको बताए । मधेशी दलित वर्गको उत्थानको लागि पनि दलित मधेशी विद्यार्थीहरु माओवादी द्वन्द्वमा लागेको अवलोकनका क्रममा उनीहरुको धरमा जाँदा थाहा पाइयो ।

समग्रमा मधेशी दलितहरुको शैक्षिक उपलब्धि खस्कनुमा गरिबी र चेतनाको अभावकाकारणले, शैक्षिक पाठ्यपुस्तकमा जातीय विभेदयुक्त वाक्यहरु रहिरहनु, विभिन्न क्षेत्रका शैक्षिक संस्थाहरुमा जातीय विभेद, छुवाछुत हुनु र व्यापक निरक्षरताको कारणले, शिक्षा र सांस्कृतिक चेतनाको कमी हुनु, अगुवा मधेशी दलितहरुको अभाव र मधेशी दलित सीपको अवहेलना आदि कारणले मधेशी दलितहरुको शैक्षिक उपलब्धिमा ह्रास आएको शिक्षकहरुसँगको अन्तर्वार्ता, मधेशी दलित विद्यार्थीहरु र अभिभावकहरुकसँगको अन्तर्वार्ता र अवलोकनका क्रममा मधेशी दलितहरुका घरमा जाँदा थाहा पाइयो ।

### ४.२.२ अभिभावकको पेसा

नेपाली समुदायमा प्राय आमाबाबुले जुन पेसा अपनायो छोराछोरीले पनि त्यसैको सिको गर्ने गरेको पाइन्छ । अध्ययन क्षेत्रका मधेशी दलित बालबालिकाहरुको शिक्षामा पनि अभिभावकको पेसाले प्रभाव पारेको देखियो । बाबुआमा दिनभर ज्याला-मजदुरी गर्न जाने र छोराछोरी पनि विद्यालय जान छोडी उनीहरुलाई सघाउन गएको देखियो । शिक्षक र व्यापारी अभिभावक भने आफ्ना छोराछोरीको शिक्षाप्रति होसियार रहेको पाइयो । बाबुआमा भएको चेतना र राम्रो कमाइ भएका अभिभावकका छोराछोरीहरु बढी मात्रामा विद्यालय गएको अध्ययन क्रममा देखियो । तसर्थ अभिभावकको पेसाले पनि उनका बालबालिकाको शिक्षामा प्रभाव पारेको मान्न सकिन्छ । स्थलगत अवलेकनका क्रममा नमुनामा परेका कुल ४८ जना मधेशी दलित अभिभावकहरु मध्ये ३५ जना कृषि पेसामा संलग्न भएको पाइयो र उनीहरुका छोराछोरी पनि अभिभावकहरुसँगै खेतीपातीको काम गर्न गएको पाइयो ।

उसबाट नै प्रस्ट हुन्छ कि मधेशी दलित विद्यार्थीहरु विद्यालयजान छोडेर आफ्ना आमाबाबु संग कृषि कार्यमा सघाउन जान्छन र कृषि पेसागरेर उनीहरुलाई छोराछोरी पढाउन धौं धौं परेको पाइयो ।

### ४.२.३ परिवारको आर्थिक अवस्था

नेपालमा पिछडिएका जातिभित्र पर्ने एउटा जाति मधेशी दलित पनि हो । समग्र नेपालको स्थिति हेर्ने हो भने यिनीहरुको आर्थिक स्थिति खस्केको देखिन्छ । नेपालको स्थिति हेर्ने पनि कमजोर आर्थिक अवस्था भएका कारण आफ्ना सबै बालबालिकाहरुलाई विद्यालय पठाउन नसकेको र विद्यालय गएकाहरु पनि बीचैमा विद्यालय छोड्न बाध्य भएको देखियो । कतिपय अभिभावकले त कापी, कलम,विद्यालयको पोशाकसमेत किन्न नसकेका कारण आफ्ना बालबालिकाको विद्यालय जान नसकेको स्वीकारे । तर आर्थिक अवस्था राम्रो भएका केही मधेशी दलितहरुले भने छोराछोरीको शिक्षालाई महत्वका साथ हेरेको पाइयो । यसरी हेर्दा अभिभावकको सक्षम वा असक्षम आर्थिक अवस्थाले उनीहरुका बालबालिकाको शिक्षामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । अधिकांश मधेशी दलितहरु कृषि पेशामा संलग्नभएको र कृषिबाट वर्षभरि खान नपुग्ने अवस्था देखिएकोले उनीहरुको आर्थिक अवस्था कमजोर रहेको अवलोकनका क्रममा दुई दिनसम्म उनीहरुको घरमा जाँदा थाहा पाइयो ।

### ४.२.४ अभिभावकको शैक्षिक अवस्था

शैक्षिक रुपले पिछिडिएका मधेशी दलितहरु मध्ये ७०% पुरुष र ९६% महिला आफै पनि अशिक्षित छन् । अध्ययन क्षेत्रका मधेशी दलित अभिभावकहरु पनि शैक्षिक जनचेतनाको कमीले गर्दा आफ्ना बालबालिकाको शिक्षामा दिन नसकेको देखियो । “थोरै पढेर के हुन्छ धेरै पढाउन सकिँदैन” भन्ने भावनाले गर्दा आफ्ना बालबालिकाहरुलाई प्राथमिक शिक्षासम्म पनि पूरा गराउन नदिएको अवलोकनका क्रममा बताए । तर, केही शिक्षक र व्यापार पेसामा लागेका अभिभावक भने आफ्ना बालबालिकालाई नियमित रुपमा विद्यालय पठाएको अवलोकनका क्रममा बताए । यसरी हेर्दा अभिभावकको शैक्षिक अवस्थाले बालबालिकाको शिक्षामा प्रभाव पारेको देखिन्छ ।

### ४.२.५ सामाजिक अवस्था

हाम्रो समाजमा मधेशी दलितहरुलाई छुवाछुतको भावनाले हेरिने हुँदा यी जातिहरु समाजमा पछि परेको देखिन्छ । अध्ययन क्षेत्रका मधेशी दलितहरु पनि यस्तै छुवाछुतको मारमा परेको देखियो।

विद्यालयमा छुवाछुतसम्बन्धी खासै नराम्रो गरेकोकारण मधेशी दलित बालबालिकाहरुमा मानसिक असर परेको देखियो । कतिपय स्थानमा मधेशी दलितहरुलाई लगाएको बन्देजले गर्दा मानसिक रुपमा आफूलाई कमजोर ठान्ने कारणले गर्दा यसको असर उनीहरुको शिक्षामा पर्न सक्ने देखिन्छ । जस्तोः मन्दिर प्रवेश गर्न नपाउने कारणले मानसिक असर परेको अन्तर्वार्ताको क्रममा बताए । दशैं, तिहार जस्ता ठूला पर्वहरुमा मन्दिरमा हुने पूजामा मधेशी दलितहरुलाई मन्दिर भन्दा धेरै टाढा बस्न दिएको अवलोकनका क्रममा देखियो ।

### ४.२.६ पारिवारिक वातावरण

अध्ययन क्षेत्रमा मधेशी दलित बालबालिकाहरुको शिक्षामा उनीहरुको पारिवारिक वातावरणले प्रत्यक्ष रुपमा प्रभाव पारेको देखिन्छ । परिवारमा आफ्ना दाजु वा दिदीले नपढेको वा विद्यालय छोडेको छ भने उसले पनि बिना कारण विद्यालय छाड्ने संस्कृति रहेको देखियो । अर्कोतर्फ घरमा एक जना विद्यालय पढ्ने बालक छ भने उसलाई घरको अध्ययनमा सहयोग गर्ने कोही नभएको र पढ्ने उचित वातावरणसमेत नभएको पाइयो । मधेशी दलित समुदायमा चाडपर्वहरु धुमधामसँग मनाउने, जाँड-रक्सी खाने , विदेशीने र तास खेल्ने परम्पराले गर्दा बालबालिकाहरु पनि आफ्ना अभिभावकहरुको सिको गर्ने र घरमा जाँड रक्सी खाएर झै झगडा हुने हुनाले उनीहरुको पढाइमा बाधा पुगेको पाइयो । अवलोकनका क्रममा मधेशी दलित विद्यार्थीहरुको घरमा जाँदा आफ्ना अभिभावकहरु सँगै उनीहरुले पनि रक्सी, चुरोट खाएको पाइयो ।

### ४.२.७ भू-स्वामित्व र खाद्यान्नको अवस्था

अध्ययन क्षेत्रमा धेरै मधेशी दलितहरुको खेतीगर्नका लागि आफ्नै जमिन नभएका कारण साहुको जग्गा कमाएको र आफ्ना दरसन्तान पाल्नका लागि साहुको जग्गाबाट कमाएको खाद्यान्न पर्याप्त नभएको बताए । नमुनामा परेका धेरैको खेती गर्न खेत नभएको र जग्गा भएकाहरुको पनि सिम र चाहार खालका मात्र जग्गा भएको अभिभावकाहरुले बताए । साहुको जग्गामा धेरै परिश्रम गरे तापनि थोरै मात्रै आफूले पाउने हुँदा त्यो आफ्ना परिवारलाई पाल्न पर्याप्त नभएका कारण धेरै जग्गा कमाउनु पर्दा आफ्ना छोराछोरीलाई पनि सँगै खेतबारीमा लैजानु पर्ने हुँदा उनीहरुको विद्यालय उपस्थिति अनियमित हुन पुगेको बताए । कतिपय बालबालिकाहरु विद्यालय नगई आमाबाबुसँगै कार्य गईरहेको अवलोकनका क्रममा देखियो ।

### ४.२.८ विद्यालय बाहिर शिक्षकको व्यवहार

विद्यालय बाहिर शिक्षकहरुको विद्यालयमा जस्तो व्यवहार नगर्ने हुनाले विद्यार्थीहरु विद्यालयमा घुलमिल हुन नसकेको देखिन्छ । जस्तै :- विद्यालय वाहिर शिक्षकहरुले मधेशी दलितहरुले छोएको नखाने, उनीहरुको घरमा नजाने, मधेशी दलितहरुको पसलमा नबस्ने आदि अवलोकनका क्रममा देखियो ।

## ४.३ मधेशी दलित बालबालिकाको शैक्षिक पहुँचमा सुधार ल्याउनका लागि सुझावहरु

विद्यालयका जल्दा बल्दा समस्याहरुलाई समाधान गर्न विद्यालयप्रति चासो राख्ने सबै निकाय र पक्षहरुको पूर्ण सहभागिता र जिम्मेवारीको आवश्यकता पर्दछ । त्यसकारण यस अध्ययनको क्रममा देखा परेको विद्यालयको समस्याहरुलाई समाधान गर्नका लागि निम्न उपायहरु उल्लेख गरिएको छ :

### ४.३.१ छात्रवृत्ति कार्यक्रम

मधेशी बालबालिकाको शैक्षिक पहुँचमा सुधार ल्याउनको लागि आर्थिक सहयोगको रुपमा छात्रवृत्तिको व्यवस्था गर्नु पर्ने हुन्छन् । यस वर्गका व्यक्तिहरु आर्थिक समस्याकै कारण नै शिक्षा प्राप्त गर्नबाट बन्चित रहेको अवस्था देखिएकोले यसकिसिमका समस्या समाधान गर्नको लागि छात्रवृत्रि कार्यक्रम जस्ता प्रयासहरु आवश्यक देखिन्छन् ।

### ४.३.२ भेदभावको अन्त्य

विद्यालयमा दलित र गैर-दलित विचको भेदभावकै कारण दलित बालबालिकाहरु विद्यालय जान चाहदैन जसको प्रत्यक्ष प्रभाव दलित बालबालिकाहरुको विद्यालय शिक्षामा पर्दछन् । यस्ता समस्या न्युनिकरणका लागि विद्यालय हाताभित्र कुनै पनि प्रकारको भेदभावलाई निरुत्साहित गरेर यस्ता समस्यालाई समाधान वा न्युनिकरण गर्न सकिन्छन ।

### ४.३.३ सकारात्मक सोचको विकास

हाम्रो समाजमा आज पनि पुरानो रुढीवादी परम्परा बाट ग्रसित छन जसको फलस्वरुप एक अर्का प्रति सधै नकारात्मक विचार प्रकट गर्ने गर्दछ त्यस्ता प्रवृतिलाई अन्त्य गरी विद्यालय शिक्षामा दलित विद्यार्थिहरुको सहभागिता बढाउन सकिन्छन् ।

### ४.३.४ चेतनामुलक कार्यक्रम

विद्यालय शिक्षामा बढिभन्दा बढि दलित बालबालिकाहरुलाई सहभागि गराउन लक्षित वर्गको लागि शिक्षाको महत्वको बारेमा समय-समयमा चेतनामुलक कार्यक्रमहरु प्रस्तुत गर्नुपर्दछ , विद्यालय भित्र वा वाहिर गरिने यस्ता क्रियाकलापले लक्षित वर्गका विद्यार्थीहरुको विद्यालय अनुपस्थित हुने र सहभागिता न्युन हुने प्रक्रियामा काम आउँछन ।

### ४.३.५ विशेष अवसर

विद्यालय शिक्षामा दलित विद्यार्थीहरुको सहभागिता प्रभावकारी बनाउन त्यस्ता वर्गको लागि विशेष अवसर प्रदान गर्नुपर्दछ र अवसर पाएपछि सदुपयोग गर्नु पर्छ भन्ने कुराको महत्व दिदै लक्षित वर्गहरुका बालबालिकाहरुलाई अवश्यक सल्लाह-सुझाव दिन सकिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

यस परिच्छेदमा अनुसन्धानकर्ताले अध्ययन क्षेत्रमा गरेको अध्ययन अनुसन्धानको क्रममा संकलित भएका तथ्याङ्क, सूचना र जानकारीहरुलाई व्याख्या विश्लेषण र प्रस्तुतीकरण गरिएको आधारमा प्राप्त भएका तथ्याङ्क अध्ययनको निष्कर्ष एवम् सुझावहरुलाई समावेश गरिएको छ ।

## ५.१ प्राप्ति

### ५.१.१. विद्यालयमा मधेशी दलित बालबालिकाहरुको शैक्षिक पहुँच

अध्ययन क्षेत्रका कुल ४ वटा विद्यालयको समग्र दलित मधेसी विद्यार्थीहरुका भर्नाको स्तरलाई हेर्दा श्री लु.ल.स.ज.उ.मा.वि. तेरहौताको विद्यार्थी भर्ना संतोषजनक भएता पनि तुलनात्मक औसतमा गैर दलित भन्दा अत्यन्तै न्यून रहेको देखिन्छ । शैक्षिक स्तरलाई हेर्दा कक्षा छाड्ने अनुर्तीण हुने संख्यामा छात्राहरुको तुल्नामा छात्रहरुको संख्या कम रहेको देखिन्छ । औसत उर्तीण दर सबभन्दा बढी कक्षा ५को रहेको छ भने सबभन्दा कम कक्षा १० को रहेको देखिन्छ । अध्ययन क्षेत्रका मधेसी दलित विद्यार्थीहरु मध्ये कक्षामा प्रथम देखि पाचौं स्थानसम्म ल्याउने दलित मधेसी विद्यार्थीहरु २.८ प्रतिशत मात्र देखिन्छ । यस अध्ययनबाट मधेसी दलित विद्यार्थीहरुको विद्यालयमा उपस्थिती न्यून रहेको साथै योग्यताक्रममा पनि पछि परेको देखिन्छ । जसमा छात्रहरुको तुलनामा छात्राहरुको स्थिती कमजोर छ । मधेसी दलित विद्यार्थीहरु तथा गैर दलित विद्यार्थीहरुको विषयगत प्राप्ताङ्क हेर्दा पनि मधेसी दलित भन्दा गैर दलित विद्यार्थीहरुको प्रप्ताङ्क बढी देखिन्छ ।

विद्यालयको समय-समयमा आयोजना हुने अतिरिक्त क्रियाकलाप जस्तो हाजिरी जबाफ प्रतियोगिता, वतृत्वकला आदिमा मधेशी दलित विद्यार्थीहरुको सहभागिता न्यून रहेको देखिन्छ । विशेष गरी यी जातका विद्यार्थीहरु खेलकुदमा विशेष रुचि राख्ने गरेका अध्ययनबाट देखिन्छ । मधेशी दलित विद्यार्थीहरुको कक्षामा सहभागिता पत्ता लगाउनको लागि कक्षा अवलोकन गर्दा ८१ प्रतिशत मधेशी दलित विद्यार्थीहरु कक्षामा उपस्थिति भएको देखियो र गैरदलित विद्यार्थीहरुको कक्षामा उपस्थिति मधेशी दलित विद्यार्थीहरु भन्दा बढी ९१ प्रतिशत रहेको अध्ययनबाट देखियो ।

अध्ययन क्षेत्रमा सबैभन्दा बढी ७२.९ प्रतिशत मधेशी दलित अभिभावकले कृषि पेसा अपनाएको देखिन्छ भने बाँकी अरु मिस्त्री, व्यापार, शिक्षण र वैदेशिक रोजगारमा लागेको देखिन्छ । त्यसैगरी

५४.२ प्रतिशत अभिभावकले लेखपढ गर्न नजान्ने र बाँकी सामान्य साक्षर ५ पास, ८ पास, र ४.२ प्रतिशतले एस्.एल्.सी. पास गरेको देखिन्छ। नमुनामा परेको अभिभावकहरु ३९.६ प्रतिशत एकल परिवार र ६०.४ प्रतिशत संयुक्त परिवार भित्र रहँदै आएको अध्ययनले देखाउँछ। शिक्षाप्रतिको यिनिहरुको दृष्टिकोण पूर्णरुपले नकारात्मक नरहे तापनि आफ्नो आर्थिक अवस्थाका कारण सबै छोराछोरीलाई विद्यालय पठाउन नसकेको देखिन्छ। व्यापार, शिक्षण र वैदेशिक रोजगारमा लागेका अभिभावकहरु अरु पेसामा लागेका अभिभावकभन्दा आफ्ना छोराछोरीको शिक्षाप्रति सचेत रहेको देखिन्छ।

## ५.१.२. मधेशी दलित बालबालिकाहरु विद्यालय नजानुका कारणहरु

मधेशी दलित बालबालिकाहरुलाई नियमित रुपमा विद्यालय जान मन लागे तापनि कमजोर आर्थिक अवस्थाका कारण घरमा र खेतबारीमा आफ्ना आमाबाबुसँग काममा जानु पर्ने हुँदा विद्यालयमा अनियमित भई शिक्षामा नै पछि परेको अध्ययनबाट देखिन्छ। छोराहरुको तुलना छोरीहरुलाई घरको काम बढी गर्नुपर्ने, अध्ययनबाट देखिन्छ। छोराहरुको तुलनामा छोरीहरुलाई घरको काम बढी गर्नुपर्ने, नियमित विद्यालय जान नपाउने हुँदा अभिभावकहरुको विद्यार्थीहरुप्रति छुवाछुतसम्बन्धी कुनै नराम्रो व्यवहार नगरे तापनि विशेष प्रोत्साहन भने गैर-दलित विद्यार्थीहरुलाई दिएको, धेरै विद्यार्थीहरुले दलित विद्यार्थीहरु समान व्यवहार गरे तापनि कुनै-कुनै ले भने छुवाछुत प्रथाको जरो अझै दरिलो राखेको अध्ययनबाट देखिन्छ।

गरिबीको कारणले विद्यालय पोसाक, भर्ना शुल्क, किताब, कापी र कलम किन्ने पैसाको अभाव र आवश्यक परेको समयमा रुपैयाँ-पैसा सापटी पाउन पनि गाह्रो परेको कुरा अन्तर्वार्ताका क्रममा पाइयो। केटाकेटीहरुले घरमा काम गर्नुपर्ने कारणले घेरै कम मात्रामा विद्यालयमा उपस्थिति हुन पुगेका छन्। उसमा पनि छोरीले घरको काम धन्दामा, सघाउनु पर्दछ भन्ने धारणा अभिभावकको रहेको छ। मधेशी दलित समाजमा पनि केटी भन्दा केटालाई धेरै स्वतन्त्रता छ। अवलोकनका क्रममा मधेशी दलितहरुको घरमा जाँदा छोराहरु स्कूल गएको र छोरीहरु घरमा काम गरिराखेको पाइयो।

मधेशी दलित समुदायमा जाँड-रक्सीको अत्यधिक प्रयोग, चाडपर्वमा बढी रमाइलो गर्ने चलनले गर्दा मोजमस्तीमा रमाई यथास्थितिमै खुसी हुने हँदा बालबालिकामा पनि त्यस्तो प्रभाव परेको

अवलोकनका क्रममा देखियो । यसबाट के प्रस्ट हुन्छ भने साँस्कृतिक परम्पराले गर्दा पनि उनीहरुको शैक्षिक उपलब्धिमा ह्रास आएको पाइन्छ ।

छिटो विवाह गर्ने चलन, धेरै सन्तान जन्माउने प्रवृत्तिले गर्दा बालबालिकाको भविष्यप्रति अभिभावकले चिन्ता नलिएको, भगवानले दिन्छन् भगवानले पाल्न कर लाग्छ भन्ने रुढिवादी धारणा अन्तर्वार्ताका क्रममा बताए ।

समग्रमा मधेशी दलितहरुको शैक्षिक उपलब्धि खस्कनुमा गरिबी र चेतनाको अभावकाकारणले, शैक्षिक पाठ्यपुस्तकमा जातीय विभेदयुक्त वाक्यहरु रहिरहनु, विभिन्न क्षेत्रका शैक्षिक संस्थाहरुमा जातीय विभेद, छुवाछुत हुनु र व्यापक निरक्षरताको कारणले, शिक्षा र सांस्कृतिक चेतनाको कमी हुनु ।

मधेशी दलित बालबालिका, अभिभावक र शिक्षकसँग गरेको अन्तर्वार्ताको आधारमा परिवारको आकार, अभिभावकको पेसा, परिवारको अर्थिक अवस्था, अभिभावकको शैक्षिक अवस्था, सामाजिक अवस्था, पारिवारिक वातावरण, भू-स्वामित्व तथा खाद्यान्नको अवस्था र विद्यालयको दूरी आदि तत्वहरुले मधेशी दलित बालबालिकाको शिक्षामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।

### ५.१.३ मधेशी दलित बालबालिकाको शैक्षिक पहुँचमा सुधार ल्याउनका लागि सुझावहरु

विद्यालयका जल्दा बल्दा समस्याहरुलाई समाधान गर्न विद्यालयप्रति चासो राख्ने सबै निकाय र पक्षहरुको पूर्ण सहभागिता र जिम्मेवारीको आवश्यकता पर्दछ । त्यसकारण यस अध्ययनको क्रममा देखा परेको विद्यालयको समस्याहरुलाई समाधान गर्नका लागि र मधेशी दलित विद्यार्थीहरुको विद्यालय सहभागितामा वृद्धि गर्नको लागि मधेशी दलित समुदायमा जनचेतानामूलक घरदैलो कार्यक्रम संचालन गरेको, जेहेन्दार मधेशी दलित विद्यार्थीका लागि कुनै विद्यालयमा छात्रवृत्ति प्रदान गरेको, शिक्षा मन्त्रालयबाट दलित विद्यार्थीहरुको लागि मधेशी दलित तथा लक्षित छात्रवृत्ति प्रदान गरेको, पौष्टिक आहार, निःशुल्क पोसाक वितरण गरेको देखिन्छ ।

मधेशी बालबालिकाको शैक्षिक पहुँचमा सुधार ल्याउनको लागि आर्थिक सहयोगको रुपमा छात्रवृत्तिको व्यवस्था गर्नु पर्ने विद्यालयमा दलित र गैर-दलित विचको भेदभावकै यस्ता न्युनिकरणका एक अर्का प्रति सधैं सकारात्मक सोचको विकास शिक्षा को महत्वको बारेमा समय-

समयमा चेतनामुलक कार्यक्रमहरु प्रस्तुत गर्नुपर्दछन र विद्यालय शिक्षामा दलित विद्यार्थीहरुको सहभागिता प्रभावकारी बनाउन त्यस्ता वर्गको लागि विशेष अवसर प्रदान गर्नु पर्दछ ।

**५.२ निष्कर्ष**

अध्ययन क्षेत्रको विश्लेषण र हासिल गरेका उपलब्धिहरुको आधारमा यस अध्ययनबाट प्राप्त भएका निष्कर्षहरु यस प्रकार छन् :

अध्ययन क्षेत्रका ४ ओटा विद्यालयहरुमा मधेशी दलितहहरुको शैक्षिक उपलब्धिको स्तर कम रहेको छ । शिक्षा र अन्य सुविधाहरुबाट समेत विमुख रहेका मधेशी दलितहरुको शैक्षिक स्थिति खस्कँदै जानुलाई समग्र राष्ट्रको नै समस्या मान्न सकिन्छ । घरको पारिवारिक वातावरण, आर्थिक स्थिति जस्ता प्रमुख तत्वले गर्दा मधेशी दलित बालबालिकाहरु नियमित रुपमा विद्यालय उपस्थिति हुन सकेका छैनन् र विद्यालय उपस्थिति भएकाहरुमा पनि पर्याप्त मात्रामा कापी, कलम र पाठ्यपुस्तकको अभाव देखिन्छ । जसको कारणले गर्दा मधेशी दलित विद्यार्थीहरु अनुत्तीर्ण भई उपलब्धिस्तर निकै खस्किएको देखिएकोछ । कमजोर आर्थिक अवस्था भएका मधेशी दलित विद्यार्थीहरुलाई प्रदान गरिने मधेशी दलित तथा लक्षित छात्रवृत्ति एउटै कक्षामा फेल भएकालाई प्रदान नगरिनाले ऊ सोही कक्षामा शैक्षिक सामग्रीहरु किनेर पढन् नसक्ने हुँदा विद्यालय छाड्नु परेको बाध्यात्मक स्थिति छ ।

अध्ययन क्षेत्रका विद्यालयहरुमा गैर-दलित विद्यार्थिीहरुको तुलनामा मधेशी दलित विद्यार्थीहरुको संख्या कम देखिन्छ । प्राथमिक विद्यालय जाने ६-१० वर्ष भनिए तापनि अध्ययन क्षेत्रका विद्यालयमा १० वर्षभन्दा माथिका विद्यार्थीहरुले अध्ययन गरेको देखियो । यसबाट के भन्न सकिन्छ भने मधेशी दलित समुदायका विद्यार्थीहरुले ६ वर्षका उमेरमा विद्यालय भर्ना वा बढी मात्रामा कक्षा दोहोऱ्याउने गरेका छन् । अध्ययन क्षेत्रका ४ ओटै विद्यालयको शैक्षिक उपलब्धि हेर्दा मधेशी दलित विद्यार्थीहरु भन्दा गैर-दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिको स्तर राम्रो देखियो । विद्यालय छुवाछुतसम्बन्धी कुनै नराम्रो व्यवहार नभए तापनि शिक्षकको गैर-दलित प्रतिको प्रोत्साहन र विद्यालय बाहिरको समाजमा भने यथावतै रहेको जातीय छुवाछुतको अभ्यासले मधेशी दलित बालबालिकाहरुमा मानसिक असर परेको देखिन्छ । फलस्वरुप यिनीहरुको उत्तीर्ण दर सानो छ भने कक्षा दोहोऱ्याउने र छाड्ने दर ठुलो रहेको देखिन्छ । कमजोर आर्थिक अवस्था तथा सामाजिक सांस्कृतिक वातावरण,

घरमा काम गर्नु पर्ने, अनुत्तीर्ण भएर, स्वेच्छाले, छिटो विवाह र अन्य मुख्य कारणहरुमध्ये आर्थिक अवस्था नै प्रमुख कारक तत्व रहेको देखिन्छ ।

अभिभावकहरुले आफ्ना बालबालिकाप्रति गर्ने लैंगिक भेदभाव उनीहरुको विद्यालय उपस्थिति,उपलब्धि, उत्तीर्ण दर, कक्षा छाड्ने दर आदिमा प्रस्टै देखिन्छ । पानी बोक्ने, घास काट्ने, खाना बनाउने काम केटीहरुले घरमा केटाहरुको तुलनामा बढी गर्नुपर्ने हुँदा केटाहरु जति समय केटीहरुले अध्ययन गर्न नपाएको देखिन्छ । अभिभावकको पेसा, शिक्षा, आर्थिक अवस्था आदिसँग बालबालिकाको शिक्षा प्रत्यक्ष रुपमा सम्बन्धित भएको देखिन्छ । राम्रो कमाउने वा प्रतिष्ठित पेसा भएका र शिक्षित अभिभावकका छोराछोरीको शिक्षा पनि अरु अभिभावकका छोराछोरीका तुलनामा राम्रो देखिन्छ । त्यसैगरी परिवारको आकार सामाजिक अवस्था, परिवारिक वातावरण विद्यालयको दुरी आदि तत्वहरुले पनि बालबालिकाको शिक्षामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।

अहिले चलिरहेको द्वन्द्वका कारण मधेशी दलित बालबालिकाहरुलाई पनि बिभिन्न पक्षले बढी प्रयोग गरेकोले उनीहरुको पठनपाठनमा प्रभाव परेको देखिन्छ । तर द्वन्द्वका कारणले भने सामाजिक रुढिवादी र परमम्पराहरु हट्दै गई सामाजिक परिवर्तन आएको देखिन्छ । शिक्षामा पछि परेका मधेशी दलितहरुको शैक्षिक स्तरमा वृद्धि होस भनेर केही विद्यालयहरुले जनचेतानामूलक घरदैलो कार्यक्रम, आमभेला कार्यक्रम संचालन गरेको भए तापनि त्यसको प्रभाव समाजमा नपरेको देखिन्छ । बरु उनीहरुको आर्थिक अवस्थालाई टेवा दिने खालका विभिन्न सीपमूलक कार्यक्रमहरु संचालन गर्न सकेमा बढी प्रभावित हुने देखिन्छ ।

कक्षाकोठा क्रियाकलापमा शिक्षक र विद्यार्थीबीच विचारको दोहोरो आदान प्रदान नभएकोले मधेशी दलित विद्यार्थीहरुले शैक्षणिक क्रियाकलापमा उलेख्य प्रगति गर्न नसकेको देखिन्छ । मधेशी दलित विद्यार्थीहरु डराउने, लजाउने गरेकोले कक्षा छलफलमा भाग लिने, प्रश्नोत्तरमा संलग्न हुने गरेको देखिँदैन । समुदाय परम्परागत रुढिवादी शैलीमा चल्नाले अभिभावकहरुमा शैक्षिक चेतनाको कमीले गर्दा कलिला  बालबालिकामा त्यसको प्रभाव परी विद्यालयमा नजाने र बीचैमा छोड्ने स्थिति देखा परेको देखिन्छ । विद्यालयमा कम उपस्थिति हुने बालबालिकाको विषयवस्तुमा हुने ज्ञानको कमीले स्वतः विद्यालय नजाने मनस्थिति रहेको छ । अर्थिक समस्या, मधेशी दलित अभिभावकमा चेतनाको कमी, दलितहरुमा परम्परागत विचार रहनु, मधेशी दलित महिलाहरु निरक्षर रहनु, मधेशी दलित

केटाकेटीहरुमा पढ्नुपर्छ भन्ने भावना जागृत नहुनु जस्ता पक्षले मधेशी दलित विद्यार्थीहरुको शैक्षिकउपलब्धीमा असर पुऱ्याएको देखिन्छ ।

## ५.३ सुझावहरु

एउटै कक्षामा अनुत्तीर्ण हुनेका लागि अर्को वर्ष पनि सोही कक्षामा अध्ययन गर्दा निःशुल्क पाठ्यपुस्तक वितरण गरिने व्यवस्था गरिनु पर्दछ । मधेशी दलित विद्यार्थीहरुलाई शैक्षिक सत्रको सुरुमा नै पाठ्यपुस्तक वितरण सरकारी पहलमा हुनुपर्दछ । जेहेन्दार र सुविधाविहिन मधेशी दलित विद्यार्थीहरुलाई विद्यालयको तर्फबाट भए पनि छात्रवृत्तिको व्यवस्था हुनुपर्दछ ।

मधेशी दलित विद्यार्थीहरुमा शिक्षाप्रतिको मनोवल वृद्धि गर्नको लागि प्रत्येक विद्यालयमा सम्भव भएसम्म मधेशी दलित महिला र नभएमा दलित समुदायका व्यक्तिबाट एकजना शिक्षकको व्यवस्था गरिनुपर्दछ । मधेशी दलित बालबलिकाहरुको शिक्षामा व्यापक सहभागिता जुटाउनको लागि राष्ट्रिय स्तरबाट नै छुट्टै आरक्षणको व्यवस्था गरिनुपर्दछ । मधेशी दलित तथा गैर-दलित विद्यार्थीहरु नियमित उपस्थित भए पुरस्कार र अनियमित रुपमा विद्यालयमा उपस्थित भएमा दण्डको व्यवस्था विद्यालयद्वारा गरिनुपर्दछ । विद्यालयको विस्तारलाई समानुपातिक गरिनुपर्दछ । कम्तीमा २० देखी ३० मिनेट सम्ममा हिँडेर पुग्न सक्ने स्थानमा विद्यालय स्थापना गरिनुपर्दछ ।

विद्यालयमा मधेशी दलित विद्यार्थीहरुलाई विशेष निगरानी राखी शैक्षणिक क्रियाकलाप संचालन गर्नुपर्छ । स्यावासी, प्रशंसा, विद्यार्थी शिक्षकबीच दोहोरो सञ्चार नियमित रुपमा स्थापित गर्नुपर्छ । कमजोर आर्थिक अवस्थाका कारण कतिपय मधेशी दलित बालबालिकाहरु विद्यालय भर्ना हुन सकेका छैनन् र भर्ना भएकाहरु पनि विद्यालय छोड्ने स्थितिमा छन् । त्यसैले यिनीहरुको रोकथामको लागि सीपमूलक र आयमूलक तालिम तथा रोजगारका अवसर श्रृजना गराइनु पर्दछ ।

विद्यालय तथा विद्यालयबाहिर छुवाछुत र जातीय भेदभाव जस्तो व्यवहार गर्ने जुनसुकै शिक्षक तथा विद्यार्थीहरुलाई दण्डित गराइनु पर्दछ । शिक्षक र अभिभावक बीच समय-समयमा छलफल कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ । शिक्षकहरु मधेशी दलित विद्यार्थीका घरमा गएर व्यावहारिक कुरा बुझ्ने र मधेशी दलित अभिभावकहरु विद्यालयमा गएर छोराछोरीको पढाइको बारेमा छलफल गर्नु पर्दछ । गैर-दलितभत्रि रहेको धार्मिक सामाजिक कट्टरपना तथा मधेशी दलितभित्र सदियौं देखि चलिआएको हीनभावना हटाउँदै अन्य विभिन्न कार्यक्रम संचालन गर्नुपर्छ । मधेशी दलितहरुको

समस्या छुवाछुत र विद्यमान रुढिवादीबारे चेतना अभिवृद्धि गर्ने विषयवस्तु विद्यालय स्तरको पाठ्यक्रममा समावेश गर्दै लग्नुपर्छ । विद्यालयले वार्षिक परीक्षामा मधेशी दलित तथा पिछडिएका बालबालिकाहरुलाई प्रोत्साहन गर्न दलित केटाकेटीहरुको लागि छुट्टै आरक्षणको व्यवस्था गरी उदार किसिमले शिक्षा दिनुपर्छ । यस अध्ययनमा देखिएका र भोगिएका कुराहरुको आधारमा निम्न सुझावहरु पेस गरिएको छ ।

### ५.३.१ नीतिगत तह

विद्यालय शिक्षामा सहभागी मधेशी दलित बिधार्थीहरुलाई भए सम्म शिक्षकले सहभागीहरुलाई सुरक्षित र व्यवस्थित ढंगले कक्षामा राखिनु पर्दछ । ती कुराहरुलाई ख्याल राखी बस्ने कुर्सी, डेस्क, बेञ्च, सुकुल, गुन्द्री, चकटी आदिमा आ-आफ्नो समूहमा राख्न सके कक्षामा नियमित आउने हुन्छन् । कक्षाकोठामा स्वच्छ हावा, प्रकाश, उपयुक्त तापक्रम भयो भने उनीहरुलाई नियमित कक्षामा जाउँ-जाउँ लाग्ने हुन सक्छ । कक्षामा नियमित हुन नसक्ने कारणमा बस्ने व्यवस्था वा कक्षा कोठा उपयुक्त नभएर हो भन्ने कुरा धेरै शिक्षक र विद्यार्थीहरुले अभिव्यक्त गरेको पाइयो । मधेशी दलितलाई अनिवार्य शिक्षाको व्यवस्था गराउनु पर्छ । मधेशी दलितलाई सर्वसुलभ तरिकाबाट शिक्षा दिलाउनु पर्छ । मधेशी  दलित महिलालाई विशेष प्राथमिकतामा राखिनु पर्छ । सरकारले मधेशी दलितका आर्थिक अवस्थालाई हेरेर निःशुल्क तथा सिपमुलक शिक्षाको व्यवस्था गरिदिनु पर्छ ।

### ५.३.२ अभ्यासगत तह

शैक्षिक संस्थाभित्र भइरहेका कार्यहरुको नियमित अवलोकन, अनुगमन र सुपरीवेक्षण गरी त्यसको अभिलेख राख्ने तथा सरोकारवालासँग अन्तरक्रिया गरी सुधारका लागि प्रयत्नशील रहनु पर्दछ । शिक्षण सिकाईलाई विद्यार्थी केन्द्रीत गराउन विद्यार्थीको रुचि, आवश्यकता स्वभाव र उमेर अनुसारका शैक्षिक सामग्रीको प्रवन्ध र भौतिक सुविधा मिलाउन स्थानीय चन्दादाता, गाउँ विकास समिति, संघसंस्थाबाट आर्थिक सहयोग जुटाउनु पर्दछ । विद्यार्थीको सिकाई उपलब्धि र प्रगति मूल्याङ्कन गर्न अन्तिम परीक्षालाईमात्र प्रमुख आधार बनाएको देखियो । खासगरी गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता, विद्यार्थी अवलोकनलाई समेत मूल्याङ्कनको आधार बनाइनु पर्दछ र विद्यार्थी प्रगतिको नियमित जानकारी विद्यार्थी र अभिभावकलाई गराइनु पर्दछ । विद्यालयले आयोजना गर्ने विभिन्न उत्सव, समारोह, कार्यक्रमहरुमा शिक्षक र अभिभावकहरुलाई सम्मान गर्ने तथा विद्यार्थीहरुलाई पुरस्कार दिई उत्साहजनक सहभागिता बढाइनु पर्दछ ।

विद्यालयको शैक्षिक स्तर वृद्धिमा महिलाको भूमिका विद्यालयको शैक्षिक स्तर वृद्धिमा सरोकारवालाहरुको सहभागिताको अवस्था विद्यालयहरुमा मूल्याङ्कनको अवस्था आदि विषयमा अनुसन्धान गर्न सकिन्छ । यसका साथै मधेशी दलित बालबालिकाहरुलाई विद्यालय शिक्षामा सहभागि गराउन निम्न कुराहरु गर्न जरुरी देखिन्छ । मधेशी दलित बालबालिकालाई शैक्षिक संस्थासम्म पुऱ्याउनको निम्ति लुगाफाटो, किताव कापीको व्यवस्था सम्वन्धित पक्षले गरिदिनु पर्छ । मधेशी दलितलाई उनीहरुको अधिकार र कर्तब्यबाट सचेत गराउनु पर्छ । समाजमा विद्यालय शिक्षा सम्वन्धि जनचेतना जगाउनु पर्छ ।

### ५.३.३ अनुसन्धानात्मक तह

यस अध्ययनको क्रममा अनुसन्धान गर्दा यस्ता विभिन्न क्षेत्रहरु देखा परेका छन् । जसको बारेमा थप अध्ययन अनुसन्धानको आवश्यक्ता देखिन्छ । अध्ययन कर्ताले सीमित क्षेत्रमा गरिएको प्रस्तुत शिर्षकको अध्ययनलाई गहन रुपमा चिन्तन मनन गरी सम्बद्ध निकायले राष्ट्रिय स्तरको अध्ययन अनुसन्धान गर्न थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । यसले आगामी अनुसन्धानलाई महत्वपूर्ण मार्गदर्शन प्रदान गर्नेछ । भावी अनुसन्धानका लागि थप सम्भाव्य शीर्षकहरु र त्यस्ता केही महत्वपूर्ण पक्षहरुलाई तल उल्लेख गरिएको छ ।

- विद्यालयको शैक्षिक स्तर वृद्धिमा मधेशी दलितको भूमिका : एक अध्ययन
- विद्यालयको शैक्षिक स्तर वृद्धिमा सरोकारवालाहरुको सहभागिताको अवस्था : एक अध्ययन
- विद्यालयहरुमा मूल्याङ्कनको अवस्था र चुनौतिहरु : एक अध्ययन

# सन्दर्भग्रन्थसूची

*अपेक्षित उत्पीडीत मधेशी दलित वर्ग उत्थान विकास समिति* (२०५६), पुरानो बानेश्वर काठमाडौं श्री ५को सरकार स्थानीय विकास मन्त्रालय ।

अल्हुरेड्स नेपाल तथा एक्सनएड नेपाल (२०६०), *छुवाछुत विरुद्ध न्यायालय,* काठमाडौं ।

इन्सेक (२०५३) *नेपालमा जातीय छुवाछुत काठमाडौं:* अनौपनारिक सेवा केन्द्र इन्सेक ।

कर्ण, पवनकुमार (२०६६) *सप्तरी जिल्लाका प्राथमिक विद्यालयमा मधेशी दलित बालबालिकाहरुको सहभागिता ,* शिक्षाशास्त्र संकाय किर्तिपुर, काठमाडौं ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाण्डौं : सनलाइट पब्लिकेशन ।

जोशी, रमेशचन्द्र (२०६५), *दलित तथा पिछडिएका वर्गका वालवालिकाहरुको प्राथमित्ता ।*

ज्योति दलित २०५६, काठमाडौं त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

ढकाल, घनश्याम (२०६०) *प्राथमिक शिक्षामा मधेशी दलितहरुको शैक्षिक अवस्थाको विश्लेषण,* शिक्षा शास्त्र संकाय, कीर्तिपुर ।

ढकाल, माधवप्रसाद (२०६१), *प्राथमिक शिक्षक दिग्दर्शन,* भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

दलित गैर सरकारी संस्था महासंध , *आर्थिक वर्ष २०६१/०६२ को बजेटमा दलित,* कमलपोखरी, काठमाडौं ।

*नेपाल अधिराज्यको संविधान* (२०४७), काठमाडौं कानुन किताबखाना व्यवस्था समिति ।

*नेपालको अन्तरिम संविधान* (२०६३), शीतल-सुलभ प्रकाशन काठमाडौं ।

*नेपालमा मधेशी समुदायको स्थिति* (२०६०), राष्ट्रिय दलित आयोग, काठमाडौं ।

निउरे, ध्रुवप्रसाद (२०६८), *अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाडौं : क्वेस्ट पब्लिकेशन ।

बुलेटिन (२०६०) राष्ट्रिय आयोग, काठमाडौं ।

*मधेशी दलित सम्बन्धी कानुनी प्रावधानहरुको सँगालो,* राष्ट्रिय दलित आयोग, काठमाडौं ।

*मधेशी दलितहरुको शैक्षिक अवस्था* २०६०, राष्ट्रिय दलित आयोग, काठमाडौं ।

मुलुकी ऐन (१९१०) काठमाडौँ किताब व्यवस्था समिति ।

राष्ट्रिय शिक्षा आयोगका प्रतिवेदनहरु ।

वली टेक बहादुर २०६०, *मधेशी दलितहरुको शैक्षिक अवस्था र यसमा प्रभाव पार्ने पक्षहरु,* शिक्षाशास्त्र संकाय किर्तिपुर, काठमाडौँ ।

वाग्ले, मनप्रसाद र साथीहरु (२०६९), *शिक्षा,* सानोठिमी, भक्तपुर : पाठ्यकम विकास केन्द्र ।
*विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२)* (२०६६), काठमाडौं : शिक्षा मन्त्रालय ।

विश्वकर्मा, हीरा (विहिवार, कार्तिक २७), कान्तिपुर दैनिक पत्रिका, कान्तिपुर पब्लिकेशन सुविधानगर, काठमाडौँ ।

शर्मा चिरञ्जीवी (२०५८), *शिक्षाका आधारहरु,* काठमाडौँ, एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीव्युटर्स ।

शर्मा, कुबेरनाथ (२०५७), *शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधार,* पुतली सडक काठमाडौं : उत्सव बुक्स एण्ड स्टेशनर्स ।

शर्मा, गोपिनाथ (२०४३), *नेपालमा शैक्षिक इतिहास,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६०), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६३), *शिक्षाका आधारहरु,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६४), *शिक्षण विधि,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीव्यूटर्स ।

*शिक्षा ऐन (२०२८) तथा शिक्षा नियमावली (२०५९),* बागबजार, काठमाडौं : प्रतिष्ठा प्रकाशन ।

*शिक्षकको पेशागत विकास मोड्युल प्याकेज, आधारभूत तह (२०६८),* सप्तरी : जिल्ला शिक्षा कार्यालय ।

सेरिड (१९९९), *आधारभुत तथा प्राथमिक शिक्षामा सुपरिवेक्षण,* काठमाडौं, त्रि.व. शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

श्रेष्ठ, सूर्यबहादुर (२०४८), *कक्षाकोठाको व्यवस्थापन* : शैक्षिक विकास तथा अनुसन्धान केन्द्र, बल्खु, काठमाडौं ।

त्रिपाठी, वालेश्वर (२०६३) *आर्थिक व्यवस्थापनमा महिलाको भूमिका* ।

CBS (2001), Statistical, year Book of Nepal, Kathmandu, Central Bureau of Statistics.

CBS (2002), Statistical Year Book of Nepal, Thapathali.

CERID (1987), An Inquiry into the Causes of Primary School Drop out in Rural Nepal. A Study Report of CERID.T.U.

CERID (1997), Social Assessment of Eucationally Dissadvantages Groups. A Study conducted BPEP,CERID,T.U

CERID (1998), Participation Approach to Eucation for Dalits of Nepal, CERID, T.U.

Dristrict Demographic Profile of Nepal (2002), Thapathali, Kathmandu.

JUP/DNF (1998), जातिय विभेद विरुद्धको महासन्धी, काठमाडौं, जनउत्थान प्रगिष्ठान र दलित गैर सरकारी संस्था महासंघ ।

Population Census (2001), Central Bureau of Statistics, Thapathali, Kathmandu

# अनुसूची १

## शैक्षिक क्षेत्रमा मधेशी दलित बालबालिकाहरुको पहुँच

## विद्यार्थीहरुको शैक्षिक तथ्याङ्क संकलन फारम

विद्यालयको नामः-...............................................................................

जिल्लाः-........................................गा.वि.स.........................................

वडानंः-.......................................कक्षाः-..............................................

| क्र. सं. | विद्यार्थीको नाम | उमेर | अघिल्लो कक्षाको स्थानक्रम | अघिल्लो कक्षाको प्राप्ताङ्क | अ.क्रि.मा. सहभागिता | अघिल्लो कक्षा चढ्दा लागेको विषय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

# अनुसची २

## शैक्षिक क्षेत्रमा मधेशी दलित बालबालिकाहरुको पहुँच

## विद्यार्थीहरुको दैनिक उपस्थिति रेडर्क फारम

| क्र.सं. | महिना / विद्यालय खुलेको दिन / विद्यार्थीको नाम | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | परीक्षामा उपस्थित | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | केटा | केटी |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

# अनुसूची ३

## शैक्षिक क्षेत्रमा मधेशी दलित बालबालिकाहरुको पहुँच

## मधेशी दलित विद्यार्थीहरुसँग अन्तर्वार्ताको लागी खुल्ला प्रश्नावली

उत्तरदाताको नामः-..........................................................................

लिङ्गः-.......................................उमेरः-...............................................

कक्षाः-.......................गा.वि.स.:-...................................वडा नं.:-...........

१. तिमीलाई विद्यालय जान मन लाग्छ कि लाग्दैन ? किन ?

उतर.................................................................

२. विद्यालयमा कति नियमित जाने गरेका छौ ?

उतर.................................................................

३. नियमित जान सकेका छैनौ भने अनियमित हुनका कारणहरु के-के हुन् ?

उतर.................................................................

४. तिमीले घरमा के-के काम गर्नु पर्छ।

उतर.................................................................

५. तिमीले पढ्ने विद्यालय जान कति समय लाग्छ ? कसरी जान्छौ ?

उतर.................................................................

६. शिक्षकले पढाएको बुझ्न कुनै अप्ठ्यारो परेको छ ? छ भने कस्तो ? नबुझेको कुरा शिक्षकसँग सोध्ने गरिन्छ कि गरिदैन ? किन ?

उतर.................................................................

७. के तिमी विद्यालयमा गैर-दलित विद्यार्थीसँगै बस्ने गरेका छौ ? बस्दछौ भने तिनीहरुले कस्तो व्यवहार गर्ने गर्दछन् ? र बस्दैनौं भने किन ?

उतर.................................................................

८. विद्यालयमा तिनीहरुलाई शिक्षक र विद्यार्थीहरुले कस्तो व्यवहार गर्दछन ?

उतर.................................................................

९. विद्यालयमा तिमीलाई कुन शिक्षक/शिक्षिका मन पर्छ ? मन किन पर्छ ? मन पर्दैन भने किन पर्दैन ?

उतर.................................................................

१०. घरमा तिमी कति समय अध्ययन गर्नमा विताउँछौ ?

उतर.................................................................

११. बाबुआमाले छोराछोरीमा केही भेदभाव गर्नु हुन्छ कि ?

उतर.................................................................

१२. कस्ता कुराहरु तिमीहरुलाई विद्यालय जानको लागि बाधक बनिरहेका छन् ?

उतर.................................................................

१३. के गरे देखि दलित केटाकेटीहरु नियमित विद्यालय जान सक्लान् ?

उतर.................................................................

# अनुसूची ४

## शैक्षिक क्षेत्रमा मधेशी दलित वालवालिकाहरुको पहुँच

## प्र.अ.र शिक्षकहरुसँग अन्तर्वार्ताको लागि खुल्ला प्रश्नावली

शिक्षकको नामः-...........................................................................................

विद्यालयको नामः-........................................................................................

गा.वि.स.ः-..................................................वडा नं.ः-.............................

१. मधेशी दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि कुन स्तरमा देख्नु हुन्छ ? किन ?

उतर....................................................................

२. विद्यालयको शैक्षिक क्रियालापमा मधेशी दलित विद्यार्थीहरुको सहभागिता कस्तो देख्नु हुन्छ ? अतिरक्ति क्रियाकलाप, कक्षा क्रियाकलाप, गृहकार्य, कक्षाकार्य आदि

उतर....................................................................

३. शिक्षण-सिकाइ क्रियाकलाप गर्दा मधेशी दलित र गैर-दलित विद्यार्थीहरुसँग कस्तो व्यवहार गर्नु हुन्छ ? किन ?

उतर....................................................................

४. मधेशी दलितहरुको शिक्षामा सहभागिता बढाउनको लागि विद्यालयले कुनै प्रयास गरेको छ कि ?

उतर....................................................................

५. विद्यार्थीहरुलाई कक्षाकोठामा कस्तो उपचार दिनु हुन्छ ? सकारात्मक वा नकारात्मक ?

उतर....................................................................

६. मधेशी दलित विद्यार्थीहरुको शिक्षा सहभागिता कस्ता तत्वहरु बाधक बनिरहेका छन् जस्तो लाग्छ ?

उतर....................................................................

७. मधेशी दलित विद्यार्थीहरु र अभिभावकहरुको विद्यालय शिक्षालाई कतिको महत्वका साथ हेरेको पाउनुहुनछ ?

उतर....................................................................

८. के गरे मधेशी दलितहरुले पनि शिक्षामा समान अवसर पाउलान जस्तो लाग्छ ? केही सुझाव दिन चाहनु हुन्छ कि ?

उतर....................................................................

९. के मधेशी दलित विद्यार्थीहरुको क्रियाकलापबाट हीनताबोध भएको पाउनुहुन्छ ?

उतर....................................................................

१०. सबै मधेशी दलित विद्यार्थीहरुलाई विद्यालयमा ल्याउन के गर्नुपर्ला ?

उतर....................................................................

# अनुसूची ५

## शैक्षिक क्षेत्रमा मधेशी दलित बालबालिकाहरुको पहुँच

## अभिभावकहरुसँग अन्तर्वार्ताको लागि खुल्ला प्रश्नावली

उत्तरदाताको नाम :-……………………………………लिङ्ग:-…………………………
उमेर:-………………………गा.वि.स.:-……………………………  वडानं.:-……….

घरकोवनावट:-………………………परिवारको किसिम (एकल) (संयुक्त):-……………………

१. परिवारको विवरण

| क.सं. | नाम | उमेर | लिङ्ग | उत्तरदातासँगको सम्बन्ध | विद्यालय जाने (अध्ययन गर्ने कक्षा) | शैक्षिक याग्यता | पेसा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२. तपाइँको शैक्षिक अवस्थाका बारेमा केही बताउनु हुन्छ कि ?

उतर…………………………………………………………

३. जीविकोपार्जनका लागि के गर्नुहुन्छ ? कामको अवस्था कस्तो छ ? आफ्नो कामप्रति तपाइँ सन्तुष्ट हुनुहुन्छ कि हुनुहुन्न ? किन ?

उतर…………………………………………………………

४. तपाइँको परिवारको वार्षिक आम्दानीको स्रोत के-के होला ? के त्यो आप्दानीको स्रोत पविारका लागि पर्याप्त छ ? किन ?

उतर…………………………………………………………

५. विद्यालय उमेरका सबै छोराछोरी विद्यालय जान्छन् /जाँदैनन् ? किन ?

उतर…………………………………………………………

६. छोराछोरीलाई विद्यालय पठाउनमा वा नपठाउनमा के फरक छ ?

उतर…………………………………………………………

७. तपाइँले छोराछोरीहरुको लागि शैक्षिक सामग्रीहरु दिन सकिरहनु भएको छ ?

उतर....................................................................

८. तपाईको छोराछोरीको शिक्षामा के-कस्ता कुराहरुले प्रभाव छन् जस्तो लाग्छ ?

उतर....................................................................

९. विद्यालयमा गैर-दलित विद्यार्थीहरु र शिक्षकहरुले तपाईका छोराछोरीसँग गर्ने व्यवहारबारे तपाईको के विचार छ ?

उतर....................................................................

१०. समाजमा विद्यमान छुवाछुतले तपाईका केटाकटीमा पारेको प्रभावबारे तपाईको के विचार छ ?

उतर....................................................................

११. मधेशी दलित केटाकेटीहरुको शैक्षिक अवस्थामा अझ सुधार ल्याउनको लागि तपाई कस्तो सझाव दिन चाहनुहुन्छ ?

उतर....................................................................

१२. तपाईले आफ्ना सबै छोराछोरीहरुलाई विद्यालय पठाउनु भएको छ कि छैन ? किन ?

उतर....................................................................

# अनुसूची ६

## शैक्षिक क्षेत्रमा मधेशी दलित वालवालिकाहरुको पहुँच

## प्रा.वि. तहका मधेशी दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण

| विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| | प्राप्ताङ्क प्रतिशत | प्राप्ताङ्क प्रतिशत | प्राप्ताङ्क प्रतिशत | प्राप्ताङ्क प्रतिशत | प्राप्ताङ्क प्रतिशत |
| श्री सु.दे.फू.ज.मा.वि.सीतापुर भुरकी | ५०.५ | ४५.५ | ५५.६६ | ४६.७१ | ४९.५ |
| श्री ज.चे. उ.मा.वि.घोंघिदाहा | ३५.५ | ४४.६६ | ४६.३३ | ३७.१७ | ४४.७ |
| श्री लु.ल.स.ज.उ.मा.वि.तेरहौता | ४८.३३ | ४३.८३ | ४९.५ | ५३.८२ | ६८ |
| श्री क.न.उ.मा.वि. नकटीरायपुर | ५१.११ | ४८.७८ | ४७.८७ | ३५.३४ | ४६.६५ |
| औसत प्राप्ताङ्क | ४६.३६ | ४५.६९ | ४९.८४ | ४३.२६ | ५२.२१ |

स्रोतः- स्थलगत सर्बेक्षण, २०७१

# अनुसूची ७

## शैक्षिक क्षेत्रमा मधेशी दलित बालबालिकाहरुको पहुँच

## मा.वि./नि.मा.वि. तहका मधेशी दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण

| विद्यालयको नाम | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|---|---|
| | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % |
| श्री सु.दे.फू.ज.मा.वि.सीतापुर भुरकी | ७५ | ३३.३ | ८० | ३३.३ | २५ |
| श्री ज.चे. उ.मा.वि.घोंघिदाहा | ६० | ५० | २५ | ४० | २० |
| श्री लु.ल.स.ज.उ.मा.वि.तेरहौता | ३३.३३ | ७१.४२ | ४० | २५ | १६.६ |
| श्री क.न.उ.मा.वि. नकटीरायपुर | ४० | ५० | १० | ३३.३ | ० |
| औसत प्राप्ताङ्क % | ५२.८ | ५१.१८ | ४०.७५ | ३२.९ | १५.४१ |

स्रोतः- स्थलगत सर्बेक्षण, २०७१

# अनुसूची ८

## शैक्षिक क्षेत्रमा मधेशी दलित वालवालिकाहरुको पहुँच

## प्रा.वि. तहका गैर-दलित विद्यार्थीहरुले प्राप्त गरेको कक्षागत प्राप्ताङ्क

| विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % |
| श्री सु.दे.फू.ज.मा.वि.सीतापुर भुरकी | ५५ | ५०.३५ | ६०.५ | ५४ | ६५.७८ |
| श्री ज.चे. उ.मा.वि.घोंघिदाहा | ६०.५ | ५५.४ | ५६ | ६७ | ६०.५ |
| श्री लु.ल.स.ज.उ.मा.वि.तेरहौता | ४०.३३ | ४५.५ | ६०.७३ | ६०.५ | ७५ |
| श्री क.न.उ.मा.वि. नकटीरायपुर | ५५.२१ | ५२.६५ | ५५ | ५०.५ | ६२.३३ |
| औसत प्राप्ताङ्क | ५२.७६ | ५०.९७ | ५९.१८ | ५८ | ६५.९० |

**स्रोतः- स्थलगत सर्बेक्षण, २०७१**

# अनुसूची ९

## शैक्षिक क्षेत्रमा मधेशी दलित वालवालिकाहरुको पहुँच

## मा.वि./नि.मा.वि. तहका गैर-दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण

| विद्यालयको नाम | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|---|---|
| | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % |
| श्री सु.दे.फू.ज.मा.वि.सीतापुर भुरकी | ८० | ७० | ८५ | ६० | ५० |
| श्री ज.चे. उ.मा.वि.घोंघिदाहा | ७५ | ६० | ५५ | ६५ | ५५ |
| श्री लु.ल.स.ज.उ.मा.वि.तेरहौता | ६६ | ९० | ७० | ५५ | ५२ |
| श्री क.न.उ.मा.वि. नकटीरायपुर | ७० | ६० | ८० | ७० | ४५ |
| औसत प्राप्ताङ्क % | ७२.७५ | ७० | ७२.५ | ६२.५ | ५०.५ |

**स्रोतः- स्थलगत सर्बेक्षण, २०७१**

# अनुसूची १०

## विद्यालयहरुमा मधेशी दलित बालबालिकाहरुको शैक्षिक पहुँच

## प्रतिक्रिया दिने विद्यालय लक्षित समूहका विद्यार्थीहरुको विवरण

| क्र.सं. | विद्यार्थीको नाम | लक्षित समूह | विद्यालयको नाम |
|---|---|---|---|
| १ | प्रेम राम दास | A | श्री सु.दे.फू.ज.मा.वि.सीतापुर भुरकी |
| २ | गोविन्दराम खगं | A | |
| ३ | कालुराम दास | A | |
| ४ | तारा कुमारी राम | A | |
| ५ | कुन्दन दास | A | |
| ६ | रामीराम खगं | B | श्री ज.चे. उ.मा.वि.घोंघिदाहा |
| ७ | प्रतापराम खगं | B | |
| ८ | देवराम दास | B | |
| ९ | धनीराम सरदार | B | |
| १० | मन्दिरराम खत्वे | B | |
| ११ | प्रेमराज चमार | C | श्री लु.ल.स.ज.उ.मा.वि.तेरहौता |
| १२ | प्रतापराम दुसाध | C | |
| १३ | नारायण चमार | C | |
| १४ | सावित्री मुसहर | C | |
| १५ | गणेशराम दास | C | |
| १६ | टेक बहादुर सरदार | D | श्री क.न.उ.मा.वि. नकटीरायपुर |
| १७ | सनया खगं | D | |
| १८ | शंकर राम दुसाध | D | |
| १९ | करन खगं | D | |
| २० | मनबहादुर खगं | D | |

**स्रोतः- स्थलगत सर्बेक्षण, २०७१**